## सम्झनामा

नेपाली साहित्यमा प्रतिभाका कुबेर भएर पनि अन्याय, अभाव र विसगंतिमा बितेका साहित्यिक शहीद महाकवि लक्ष्मीप्रसाद देवकोटा र पारिजातजस्ता प्रतिभालाई ।

ती ज्ञाताज्ञात अमर शहीदहरूलाई, जस्ले प्राणाहूति दिएर पनि आजतक उनीहरूको सपना साकार भएन ।

पिता- स्व. कुलप्रसाद उपाध्याय रेग्मी
माता- स्व. कुन्तमाया उपाध्याय रेग्मी
जस्ले सन्तान जन्माएर पनि हुर्काउन पाएनन् र सन्तानको नाममा गर्व गर्न पाएनन्, प्रत्येक स्वर्गीय आत्मालाई ।



## आभारी

प्रख्यात साहित्यकार श्री कमलमणि दीक्षित, महकाव्याकार श्री रमेश खकुरेल, महाकाव्याकार श्री मोदनाथ प्रश्रित, महाकाव्याकार श्री गोविन्द घिमिरे, वरिष्ठ समालोचक श्री आनन्ददेव भट्ट,उद्योगी श्री दमन अमात्य, उद्योगी श्री वसन्तकुमार चौधरी, वरिष्ठ कवि श्री मदन रेग्मी, अभिनव साहित्य समाज, जोरपाटी युवा क्लव, साहित्य सन्ध्या, प्रतिभा प्रवाह, ज्योति साहित्य प्रतिष्ठान, सामाखुशी साहित्य समाज, वरिष्ठ निवन्ध कार श्री नरेन्द्रराज प्रसाईं तथा श्री इन्दिरा प्रसाईं, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, कान्तिपुर, जन आस्था, नेपालभूमि, चित्रण, छलफल, गोरखापत्र, समकालीन, युग सम्वाद, नयाँ बाटो, जनमत काभ्रे, हिन्दू, घटना र विचार, मधुपर्क, गरिमा, श्री रामप्रसाद दाहाल, श्री डा. देवी-प्रसाद सुवेदी, नयाँ मोर्चा, नव- कविता, जन-जागृति, गर्जन, हलकारा, समष्टि, रत्नश्री, रङ्गमञ्च, गतिविधि, हाँक, नेपाली आवाज, नेपालीपत्र, विमर्श, विमोचन, नेपालपत्र, नेपालपोष्ट, इन्द्रेणी, सुनकोशी साहित्य प्रतिष्ठान, स्व. श्री घटराज भट्टराई, नेपाल सांस्कृतिक संघ, नेपाल चीन अध्ययन प्रतिष्ठान, श्री नवराज अधिकारी, श्री माधव कु. नेउपाने, श्री ठाकुरप्रसाद पाण्डे, श्री वसन्त रिजाल, ज्यो. पं देवेन्द्र लम्साल, ज्यो. पं. देवीप्रसाद खनाललगायत सबै पत्र पत्रिकाहरू- साप्ताहिक, दैनिक र पाक्षिक र रेडियो नेपाल, एन. टी. भी., सगरमाथा एफ. एम., रेडियो एच. बी. सी., इमेज एफ. एम., नेपाल समाचार पत्र एवं महानुभाव-हरूप्रति आभारव्यक्त गर्दछु, जस्ले मलाई आर्थिक, नैतिक एवं सहानुभूति दिएर बचाए साथै ताइवानमा रहेका श्री कपिल अधिकारीले डब्ल्युडब्ल्यु डब्ल्यु.इन्फो एड् द रेट इपत्र डट्कम् मार्फत् परिचित गराउनु भएकाले उहाँप्रति पनि आभारी छु ।

धन्यवाद !

महाकवि देवकोटा आश्रम

# नम्र निवेदन !

नेपाली दाजु, नेपाली भाइ, नेपाली बहिनी
सङ्ग्रह यौटा चढाएँ लेखी, जानी र नजानी
पुरानो कथा, देशको ब्यथा, के कस्तो रहेछ
जान्नेले मान्लान्, मानेर भन्लान् ठीकै पो भएछ ।
साहित्य पढें, संस्कृति बुझें, कलामा रमाएँ
बाँच्नका लागि ज्योतिष पेशा पछि पो अपनाएँ
म छैन जान्ने कविता गर्न, तैपनि कोर्दछु
कलमको टुँडो घुमाई बाँझो बारीको फोर्दछु ।
देवकोटा पढें, भ्याउरे लेख्न, मुना र मदन
क्या राम्रो लाग्यो ! मनले माग्यो जीवन वरदान
कनी र कुथी, फूलमाला गुँथी सङ्ग्रह बनाएँ
पुराना- नयाँ पारेर जम्मा सबैमा चढाएँ ।
ऱ्हस्व र दीर्घ, बिग्रेका होलान् तर्कुले, बर्धने
कतिले भन्लान् के लेख्यो यस्तो भ्याउरे कन्धने
लामा र छोटा, पातला-मोटा, शब्द र आकार
सुकेका होलान्, फुकेका होलान्, नपुग्दा विचार ।
लाऊलान् खोट, नपारी चोट, छन्दका पारखी
विद्वान वर्ग नगरुन् गर्व, झिकेर सार ती
के भन्लान् को ! नि सङ्ग्रह हेरी कमल दीक्षितले
खुम्च्याउलान् नाक भ्याउरे भनी पढेका शिक्षितले ।
खोजेको जस्तो भएन भने पढ्दैनन् पाठक
बिक्दैन कृति छापेको जति मर्ने छ लेखक
तपस्या गर्नु सजिलो होला, कविता गाऱ्हो छ
कविलाई बाँच्न, लेखेको साँच्न उत्तिकै साऱ्हो छ ।
दैवले पनि हेर्दैन रै'छ उदाउँदो रविलाई
ठूला र बडा गिज्याउँछन् उल्टै देशको कविलाई
जनता मात्रै मनका आशा, कविको भरोशा
तिनैका लागि अर्पण गरें मनको यो ब्यथा ।
भूलचूक भए त्यै क्षमा दिए सज्जन वर्गले
लेखुँला फेरि कविता हेरी ! आनन्द- हर्षले ।



# महाकवि देवकोटाः संक्षिप्त परिचय

पुर्ख्यौली स्थल- भारतको कन्नौज, पछि अछामको देवगढी, भोटाहिटीमा बिर्ता पाएका, कवि विद्याधरका छोरा जगन्मणि,उनका छोरा षड्शास्त्री चन्द्रदत्त र उनका पनि छोरा पं. तिलमाव देवकोटा (१९०९-१९९२०), उनका छोराहरू लेखनाथ, दुर्गानाथ, मधुसूदन, मित्रनाथ र गोपीमाधव देवकोटा तथा ७ छोरीहरूमध्ये लोकप्रियादेवी कवयित्री । पं. तिलमाधवकी जेठी श्रीमती टीकादेवीका २ छोरा र ३ छोरीहरूसहित मृत्यु, कान्छी श्रीमती अमरराज्यबाट ६ छोरा र ७ छोरीहरू भए ।

महकवि देवकोटाको जन्म १९६६ कार्तिक २७ गते शुक्रबार, लक्ष्मीपूजाको राती ९ बजेर ५४मिनेटमा डिल्लीबजार धोवीधारामा भएको हो । उनको ५ वर्षमा व्रतबन्ध, ११ वर्षमा दरबार हाइस्कूलमा भर्ना, १५ वर्षमा १३ वर्षीय मनदेवी चालिसेसित विवाह, १९८२ मा एस.एल.सी. १९८५ मा त्रि-चन्द्रबाट आइ.एस्सी., १९८७ मा वी.ए. र १९९० म वी. एल. उत्तीर्ण, १९८७ को लाइब्रेरी पर्वमा दण्डित, १९९१ मा माता र १९९२ पितासमेतको देहान्त, १९९१ को मंसिर १५मा पूर्णिमाको जलधि कविता प्रकाशित, १९९५ मा गोसाईं स्थानको भ्रमण र सोही वर्ष प्रसिद्ध खण्डकाव्य मुना-मदनको रचना, १९९३ मा राँचीमा लगिएको, १९९७ मा भाइवण्डा, २००० मा मैतीफाँटमा बसाइँसराइ, सोही साल भाषानुवादमा पुस्तक लेखकका रुपमा जागिरे, २००२ मा प्रसिद्ध महाकाव्य शाकुन्तल, २००३ मा सुलोचना, सोही वर्ष त्रि-चन्द्र क्याम्पसमा प्रोफेसर, २००४ को विराट् साहित्य सम्मेलनको सभापति, २००४ मा क्रान्तिमा संलग्न हुन वनारस प्रस्थान, २००५ मा घर-जग्गा रोक्का तथा २००६ को दशैंमा स्वदेश आगमन ।

महाकवि देवकोटाका सन्तानहरू- सावित्रीदेवी १९८५, प्रकाश १९८९, माहिली छोरी (२ महिनामै मृत्यु) १९९२, १९९३ मा कृष्णप्रसाद, १९९७ मा अम्बिका, १९९८ मा मीरा, २००२ मा भुना, २००८ मा डा. पद्मप्रसाद र १०१४ मा डा. दीपकप्रसाद देवकोटा, प्रकाशको २१ वर्ष र कृष्णप्रसादको २००४ को मंसिरमा मृत्यु, जसको कारण मानसिक तनाव भएको थियो ।

महाकविका केही कृतिहरू- मुना-मदन, कुञ्जिनी, लूनी नेपाली र अङग्रेजीमा, सावित्री सत्यवान् (नाटक), सीताहरण, रावण-जटायु युद्ध, कृषिबाला, राजकुमार प्रभाकर, पुतली भाग १ र भाग २ (बालसाहित्य), भिखारी, गाइने गीत, रजपूत रमणी, वसन्ती, मैना, सुन्दरी प्रोजर्पिना, सुनको बिहान, जन्मोत्सव, मुटुको थोपा, छहरा खण्ड १ र खण्ड २, भावना गाङ्गेय, मायाबिनी सर्सी, नवरस, मृत्युशैयाबाट, चिल्लापातहरू, पहाडीपुकार, नवरसामृतधारा, आकाश बोल्छ, कविता शतसा, उषा, तिप्लिङ्गी, तुषारवर्णन आदि । चम्पा उपन्यास, लक्ष्मी निबन्ध संग्रह र दाडिमको रुखनेर निबन्ध

संग्रह, प्रबन्ध संग्रह र म्याक्बेथ अनुवाद, महाकाव्यहरू- शाकुन्तल नेपाली र अंग्रेजी, प्रमिथस नेपाली र अंग्रेजीमा, सुलोचना, महाराणा प्रताप, पृथ्वीराज चौहान, संयोगिता नाट्य महाकाव्य, वनकुसुम, सिकन्दर (अपूरो) आदि । समालोचना- स्रस्टा देवकोटाः द्रष्टा परिवेश मा, भिखारीदेखि सन्ध्यासम्म आदि । अन्यमा भरत-मिलन, भोटको लडाइँ, कृष्णाष्टमी, हरिश्चन्द्र, प्रदर्शिनी, कविताकुन्ज, सृजमाता, वैराग्यलहरी, झञ्झावर्णन, नेपाली मेघदूत, तथागत नाटक, बिज्जुको चरित्र, तरङ्ग र सुषमा जस्ता करिब ८१ कृतिहरू लेखिएका छन् । सम्पादन- युगवाणी र इन्द्रेणी आदि रहेका छन् । भ्रमण- हिमाली भेक, पहाड र तराईका कतिपय जिल्लाहरू, भारतका पटना, वनारस, कारफोक, कोलकात्ता, दार्जिलिङ्, कालिङ्पोङ्, गान्तोक, पश्चिम बंगाल, पूना, मैसूर, वैंगलोर, दिल्ली, मद्रास र बम्बई आदि, रुसको ताशकन्द र पूर्वी युरोपका भागहरू, मास्को आदि, चीनको पेकिङ्ग, नानकिङ्ग, उहान तथा हङ्कङ्, आदि, युरोपमा हँगेरी,रुमानियाँ,चेकोस्लोभाकिया, स्वीट्जरलैण्ड आदि ।

संलग्नता- भाषानुवाद परिषद्, नेपाली भाषा प्रकाशिनी समिति, काव्य प्रतिष्ठान (अध्यक्ष), नेपाल लेखक संघ (अध्यक्ष), त्रिवि सभासद्, प्रोफेसर ( त्रिचन्द्र र पद्मकन्यामा), प्रतिनिधि- अफ्रो-एशियाई लेखक संघ दिल्ली र ताशकन्दमा, दार्जिलिङ्मा पाठ्क्रम निर्धारक, डा. के. आइ. सिंह अभिनन्दन समितिको संयोजक, २०१३ मा शिक्षामन्त्री, संसद्मा विपक्षी दलको नेता, विभिन्न साहित्यिक गोष्ठीहरूमा संलग्नता, ट्युसनजीवी, भाषा र संस्कृति सम्बन्धी विभिन्न स्थानहरूमा संलग्न, २०१४ मा प्रज्ञाप्रतिष्ठानको निर्माणमा सक्रिय, २०१५ को ताशकन्द सम्मेलनमा प्रसिद्धि पाएपछि एकेडेमीद्वारा १० महिनासम्म पारिश्रमिक रोक्का, मरेपछि ३ महिनाको पारिश्रमिक जरिवाना आदि । भाषाज्ञान- नेपाली, नेवारी, तामाङ, हिन्दी, उर्दू, बंगाली, फारसी, स्पेनिश, फ्रेञ्च, जर्मनी, संस्कृत, तिब्बती, रसिया, इटली, मैथिली लगायत १६ भन्दा बढी भाषाहरू । निधन- २०१६ साल भाद्र २९ गते साँझ ६ बजेर १० मिनेट जाँदा पशुपति आर्यघाटमा, देश-विदेशमा शोकससभाहरू र नेपालमा राष्ट्रिय शोक मनाइएको, जुन दिन रुसको लुना रकेटले पनि चन्द्रमा छोएको थियो ।

हाल रुसी एकेडेमीले देवकोटा प्रतिष्ठान, चीनले देवकाटा अध्ययन समिति, भारतमा नेपाली भाषीहरू ३ दिनसम्म उनको जन्मजयन्ती र युरोप-अमेरिकामा समेत मनाउँछन् । यसप्रकार महाकवि देवकोटा सर्वस्वीकार्य नेपालबाट अन्तर्राष्ट्रिय प्रतिनिधि हुनसक्ने विलक्षण प्रतिभाका कुबेर मानिन्छन् । उनको शतवार्षिकीका अवसरमा यो संग्रह भावपूर्ण समर्पण गर्दछु ।

महाकवि देवकोटाको एकमात्र अनन्यभक्त– ज्यो. रत्ननिधि रेग्मी, ‘‘शुक्राचार्य”



# आफ्नै चिनारी

कवि एवं ज्योतिर्विद् रत्ननिधि रेग्मी “शुक्राचार्य”

पिता- स्व. कुलप्रसाद उपाध्याय रेग्मी,

माता- स्व. कुन्तमाया उपाध्याय रेग्मी,

जन्म- संखुवा-सभा जिल्ला, वाना-७, खप्टुवा, नेपाल

हाल- ११ वर्षको उमेरदेखि काठमाडौंमा अस्थायी बसोबास ।

शिक्षा- पत्रकारिता, साहित्य, ज्योतिष (स्वाध्यायन), आयुर्वेद, पश्चिमी ज्योतिर्विज्ञान, हस्तविज्ञान शास्त्र तथा अन्य विविध ।

भ्रमण- नेपालका ४९ जिल्ला, १० अञ्चल र भारतको वनारस र सिक्कम आदि ।

भाषा ज्ञान- नेपाली साहित्य र व्याकरण तथा हिन्दी, संस्कृत र अङ्ग्रेजी आदि ।

पेशा- तीन वर्ष अध्यापन, निमित्त प्र.अ. (ढुङ्गाना गाउँ, नुवाकोट २०३९-४०) सात वर्ष विभिन्न प्रेसहरूमा भाषासम्बन्धी काम (प्रूफरिडिङ्, सम्पादनसम्बन्धी), सामाजिक सेवा (नेपाल मानव अधिकार संगठनको प्रकाशनसम्बन्धी कार्य), करीब १० वर्षतक विभिन्न पत्रिकाहरूमा स्तम्भकारको रुपमा काम गरेको, प्रवक्ता साप्ताहिक ( सम्पादन सहायक), चित्रण साप्ताहिक (बागमती अञ्चल विशेष प्रतिनिधि), हिन्दू दैनिक (नेपाल अधिराज्य प्रतिनिधि), नेपालीपत्र, विमर्श र ह्यूरन आदिमा सम्पादन सहयोगी, २०५७ कार्तिकदेखि २०६१ वैशाखसम्म स्पेस टाइम, दैनिकमा ज्योतिष स्तम्भकार, हाल ज्योतिष, स्वतन्त्र लेखन एवं कविता लेखनबाट गुजारा ।

प्रथमलेखन-२०३१ देखि, प्रथम प्रकाशन २०३५ देखि, प्रथमपुस्तिका ०४७ मा । श्री सरस्वती प्राइमरी र षडानन्द संस्कृतमा.वि.मा अध्ययन ।

प्रथम पुरस्कारहरू- जिल्लास्तरीय कवि सम्मेलन दिंग्ला-भोजपुर- २०३२, मा. वि., स्तरीय कविगोष्ठी २०३७ नुवाकोट, क्षत्रपाल मा.वि., शहीद दिवस (टङ्कार कविता उत्सव)- २०४३ काठमाडौं, प्रतिभा-प्रवाह २०४७ काठमाडौं, राष्ट्रिय कविता उत्सव, जोरपाटी २०४८

काठमाडौं, राष्ट्रिय युवा दिवस २०५४ काठमाडौं, राष्ट्रिय कवि गोष्ठीं २०५३ काठमाडौं ।

द्वितीय पुरस्कारहरू- अन्तर मा. वि स्तरीय कवि गोष्ठी वाना मा. वि संखुवा-सभा २०३३, साहित्य- सन्ध्याको वार्षिकोत्सव २०४४ काठमाडौं, २०४६मा राष्ट्रिय कवि सम्मेलन जावलाखेल ललितपुर ।

सान्त्वना पुरस्कारहरू-क्षेत्रीय कवि सम्मेलन आरुबारी, जोरपाटी, काठमाडौं २०४२, पुष्पलाल स्मृति दिवस २०५४ काठमाडौं ।

सम्मान-पुरस्कारहरू-सुनकोशी साहित्य प्रतिष्ठानद्वारा २०५१-२०५३ सम्म "देवकोटा विद्वत्वृत्ति", भूपालमान सिंह युवा पुरस्कार (साहित्य) र रङ्ग मञ्च पाक्षिक द्वारा सर्वश्रेष्ठ युवा घोषणा २०५२ काठमाडौं इत्यादि ।

सम्मान तथा सम्मानपत्रहरू- साहित्य- सन्ध्या २०४२ काठमाडौं, इन्हुरेड इण्टरनेसनल कविगोष्ठी २०४९, काठमाडौं महानगरपालिका कविगोष्ठी २०५१, राष्ट्रिय कवि सम्मेलन दमौली, तनहूँ २०५३, राष्ट्रिय ज्योतिष विज्ञान समिति २०५८ काठमाडौं, त्रिशूली प्रवाहको वार्षिकी सम्मान २०६० नुवाकोट, राष्ट्रिय मञ्च २०५२ काठमाडौं इत्यादि ।

अन्य विविध- नारीवादी लेखक तथा दक्षिण एशियाइ कविका रुपमा अमेरिकन स्टीभ ९क्तभबखभ० द्वारा विद्यावारिधिमा रचना समावेश २०५२, कपिल अधिकारीद्वारा ताइवानबाट "धधधाष्लाय२ष्उबतचबाअफू मा समावेश सदस्यता- हाल नेपाल पत्रकार महासंघ काठमाडौं शाखा, प्रगतिशील लेखक संघ (२०४४-२०४९), सदस्य- सचिव नेपाली छन्द समिति, साहित्यिक पत्रकार संघ, क्रियाशील सदस्य नेपाल मानव अधिकार संगठन (२०४७- २०५२), राष्ट्रिय निर्वाचन पर्यवेक्षक ।

२०४८ काठमाडौं, जिल्ला र स्थानीय निर्वाचन पर्यवेक्षक २०४९ दोलखा, सदस्य अमेरिकन लाइब्रेरी २०४७- २०५३ काठमाडौं, सदस्य राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति २०५८ काठमाडौं इत्यादि ।

संगठक- तत्कालीन कम्युनिष्ट पार्टीका जनवर्गीय संगठनहरू तर २०४९ देखि स्वतन्त्र पत्रकार, स्वतन्त्र लेखक, संस्थापक देवकोटा-गेटे- शेक्सपियर ज्योतिष केन्द्र, संस्थापक महाकवि देवकोटा आश्रम, संयोजक महाकवि देवकोटा साहित्य प्रतिष्ठान, महाकवि देवकोटाको परमभक्त इत्यादि ।

संलग्नता- ५०० भन्दा बढी गोष्ठीहरू (कवि सम्मेलन, मानव अधिकार तथा पत्रकारिता सम्बन्धी) मा सक्रिय भाग लिएको ।



प्रकाशित रचना- २०३५ मा परोपकारबाट शुरु, हालसम्म २६ सय फुटकर तथा प्रकाशन हुन१ हजार बाँकी, आन्दोलन कविता भाग १ र २ र माटोको कथा २०४७ पुस्तिकाहरू र कविता-कुसुम कविता संग्रह २०६५ प्रकाशित ।

विषय- कविता, निबन्ध, समालोचना, समीक्षा, जीवनी, अन्तर्वार्ता, समसामयिक लेख, छिटफुट कथा, ज्योतिष, भाषा तथा पर्यटकीय स्थलहरू सम्बन्धी लेखहरू ।

मोबाइल नं. ९८४१२८४६३८ र

भ( ?बर्ष ब्ममचभकक- उयभतकजगपचबअजबचथब२थबजययाअफ

प्रभाव परेका लेखक तथा कविहरू -नेपालीमा महाकवि देवकोटा, लेखनाथ पौड्याल, धरणीधर कोइराला, वी.पी., पारिजात, भानुभक्त आदि । विदेशीहरूमा- शेक्सपियर, गोर्की,टोल्स्टोय, वर्डस्वर्थ, कीट्स्, दाँते, पुस्किन, डिक्किन्सन, टैगोर, बायरन, हाइने, सिल्भिया प्लयाथ,मार्क ट्वेन, कोलरिज, इमर्सन, गेटे, बर्नार्ड शा, ह्विटमेन, कालीदास, माघ, भारवि, अमरसिंह, पाणिनी, चाणक्य, कौटिल्य, मिल्टन, मालियर, होमर, चेखव इत्यादि ।

दार्शनिकहरूमा- गौतम बुद्ध, महात्मा गान्धी, कार्ल मार्क्स, अब्राहम लिंकन, मदर टेरेसा, अल्बर्ट आइन्स्टाइन, चर्चिल, लेनिन, लुथर किंग, साई बाबा, माओत्सेतुङ, वी. पी. कोइराला, पुष्पलाल र मदन भण्डारी आदि ।

प्रकाशक : महाकवि देवकोटा प्रकाशनमाला–५

प्रकाशन मितिः २०६५ मंसिर

छापिएको प्रतिः नौ सय उनान्सय मात्र

लेखक : **ज्यो. रत्ननिधि रेग्मी, "शुक्राचार्य"**

सर्वाधिकार : लेखकमा सुरक्षित

कम्प्युटर : आफै

डिजाइन : **अर्जुनप्रसाद ढुंगेल**

मुद्रण : **अनामनगर प्रिन्टिङ्ग सपोर्ट**
अनामनगर, फोन नं. ४२१८५६७

मूल्य : **रु. २९।९९ पैसा मात्र ।**



# विषय सूची

| | |
|---|---|
| सम्झनामा | (क) |
| अभारी | (ख) |
| नम्र- निवेदन | (ग) |
| महकवि देवकोटाको परिचय | (घ) |
| आफ्नै चिनारी | (च) |
| प्रकाशन, मुद्रण आदि | (ज) |
| फर्क न अब देशका छोरा | (१) |
| त्यो भूपी कविलाई | (२) |
| हे दिदी- बहिनी ! | (३) |
| त्यसलाई धिक्कार ! | (४) |
| हे लक्ष्मीप्रसाद | (५) |
| देवकोटा जयन्ती ! | (६) |
| को छुत- अछुत ? | (७) |
| भानुको जन्मदिन | (८) |
| लौ उठौं जुरुक्क | (९) |
| छोरीलाई पढाऊँ | (१०) |
| सबै छन् बराबर | (११) |
| नेपाली फर्क हे ! | (१२) |
| नबेचौं आत्मा ! | (१३) |
| लौ बोल नेपाल जिन्दावाद | (१४) |
| पासाङदेवीलाई | (१६) |
| पासाङदेवीलाई २ | (१७) |
| भूकम्पीय सुरक्षा | (१८) |
| खै कस्ले बुझ्यो ? | (१९) |
| हे लक्ष्मीप्रसाद २ | (२०) |
| दशैं | (२१) |
| दशैंको व्यथा | (२२) |

सडक- बालक (२३)
आजादी (२४)
ब्युँभ्क ए किसान ! (२५)
मानवाधिकार (२६)
स्वतन्त्रता (२७)
मजदूर साथी ! (२८)
गाई मार्नु हुँदैन (२९)
के रुन्छौ भाइ ? (३०)
छोरीलाई अधिकार (३१)
हे प्यारा फर्क न ! (३२)
कर्मवीर युवा (३३)
शहीदलाई सलाम (३३)
वादीको पीडा (३४)
गाउँको खबर (३५)
नेपाली ब्युँभ्किए (३६)
सारङ्गी रुवायो (३७)
संखुवा-सभा चिनारी (३८)
प्रजातन्त्र (४०)
नेपालै प्यारो छ (४१)

# फर्क न अब देशका छोरा !

चाँदीको हिमाल हाँसेर पनि यो देश हाँसेन
टिष्टाको साँध छोएर पनि यो देश उठेन
कोशी र काली बगेर पानी यो धनी भएन
आमाको छाती उर्वरा हुँदा मन खुशी भएन ।
बिहानीपख लालिमा चढ्दा उज्यालो छाएन
वनमा नौलो पालुवा फुट्दा वसन्त आएन
शहीद्को रगत् बगेर माटो उर्वरा भएन-
देशको छोरो परदेशबाट घर सम्झी आएन ।
आमाको आँसु पग्लेर छाती ओभानो भएन
प्रियाको ओंठ सुकेर जाँदा मुस्कान छाएन
घरको दुःख, गाउँको दर्द दूर भै गएन
अर्काको देशमा जानेको केही भर नै भएन ।
साहूको रिन थाप्लामा बोक्नु के चैन हुँदो हो ?
अर्काको लागि जिउनु, मर्नुं के गौरब बन्दो हो ?
डाँडा र पाखा बिर्सेर जानु, के जानु देशलाई ?
इज्जत फाली देशको रगत् सुम्पेर अरुलाई ?
विदेश गए पाइन्छ धेरै धन र दौलत
भन्दछन्, तर पाइन्न त्यहाँ स्वतन्त्र जीवन
सहनु ठूलो पापै हो दाजु अर्काले हेपेको
त्यै पाप आज देखिन्छ यहाँ देशले खेपेको ।
फर्क न फर्क देशका छोरा ! के बस्छौ विदेश ?
आमाको आँसु पुछ्नलाई पनि फर्क न स्वदेश
देशको दुःख हुँदैन दूर देश नै त्यागेर
घरको माया बन्दैन प्यारो घर नै बिर्सेर !
२०४८ पुस, काठमाडौं ।



# त्यो भूपी कविलाई...

हिमालमुनि गुराँस फुल्दा थाकखोला सुसायो
मुस्ताङ्को अग्लो डाँडाले आज भूपीलाइ बोलायो
पोखरापारि थकाल्नी नानी गाम्- बेंसी गर्दैछिन्
फर्कन्छ छोरो भनेर बाटो आमाले हेर्दैछिन् ।
भेडीका गोठ, चौंरीका लेक, ओऱ्हालो झर्दैछन्
धूपी र सल्ला हल्केर अल्गा पर्वत चढ्दैछन्
सन्ध्यामा घाम, गोधूलि छाया हिमाल टल्काउँछन्
टुकुचे थाकमा, जूनेली रातमा संगिनी घन्काउँछन् ।
गोठाला गाउँछन् झ्याउरे गीत वेदना पोख्नलाइ
खेताला लाउँछन् पीरति-माया, जुनिभर बाँच्नलाइ
गाउँ र घर रोधी र कर्खा, भजन- बालुन
सिलोक-सवाइ, संगिनी घन्काइ, पिंढी र दलान ।
आँखाको नानि, संग्लँदो पानी, रसिलो बिहानी
चिडिया गाउँछन्, फर्केर आउँछन्, सुनाउँछन् कहानी
जन्मेको भूपी, थकाली जाति छ उच्च संस्कृति
धनीमा धनी, मानीमा मानी, गरेको उन्नति ।
धरहरा जस्तो देखिने अग्लो, चम्किलो मुहार
शब्दमा शब्द, अर्थमा अर्थ, कविको जुहार
जुनेली शैली, नदब्ने बोली, नझुक्ने कलम
हरेक अक्षर बन्दछन् गरीब- दुःखीलाइ मल्हम ।
तैपनि भूपी आएनन् फर्की, डाँडा र पाखामा
लाएनन् प्रीत, उज्यालोसित गाउँलेको भाकामा
देखेनन् दैलो, अँध्यारो- मैलो, जस्केलो चर्केको
स्वर्गको बाटो, उज्यालो पाटो, हेर्नलाई लम्केको ।
किन पो आए, सम्झना लाए, ती चाँडै हराए
युगको पीडा गाएर सारा देशलाइ ब्युँझाए
न थिए पैल्हे, न रहे ऐले, सम्झना गर्नलाई
आजको दिन सम्झन्छु किन श्रद्धाले भूपीलाई ।
भूपी जयन्ती २०५० पुस

# हे दिदी- बहिनी !

छोरीको जात पाउँछौं लात, खानलाई  आधा पेट
तैपनि पिठो, खोले र ढिंडो, मिल्दैन धान्को भात
लाउनका  कुरा ज्यानमाथि छुरा, रगतै सस्तो छ
जाल  र  झेल, फलामे  नेल  कैदिए जस्तो  छ ।
छोराको नाउँमा, घर- जग्गा गाउँमा, घडेरी  शहरमा
छोरी त रुन्छन्, बेघरबार हुन्छन्, मिल्किन्छन् बगरमा
मझाउँछन् भाँडा, कटाउँछन् डाँडा, छोरीको जुनिलाई
कि  गर्छन् हेला,  कि  पार्छन् थला  जिन्दगीभरिलाई ।
घर-धन्दा काजमा, मेला र पातमा, छोरीलाई कजाउँछन्
वन- जंगल- पाखा अन्ध्याई आँखा  गोठालो  बनाउँछन्
मारिन्छन् जालमा, खोला  र  तालमा,  नदीको  तीरैमा
न  न्याय पाउँछन्, न सुख  लाउँछन्, बाँच्तछन्  पिरैमा ।
छोरा त गर्छन् स्कूल-क्याम्पस वी. ए. र एम. ए. पास
छोरी चैं बोक्छन् पानीका गाग्रा, जंगलमा दाउरा- घाँस
घरमा  दुःख,  मिल्दैन  सुक्ख,  विदेशमा  चइन
जिउ  मास्ने- बेच्ने, छोरीलाई हेप्ने अझै  छ अइन ।
ढिकीमा  फल्छन्,  जाँतोमा  ढल्छन्,  पिंढी  र  दलान
कमारा  बन्छन्, खन्छन्  र  खान्छन्  र  ढाक्छन् परान
नपाउँछन्  टेक्न,  गुमाई  देख्न  उज्यालो  संसार
न  शहीद्  बन्छन्, न  अमर  हुन्छन्  ज्यूँदैमा  मरेर ।
आजको  युगमा  बेचेर  छाती,  भिरेर  हत्कडी
कतिञ्जेल  बाँच्ने ? हे दिदी- बहिनी ! हुँदैन  नलडी
स्वतन्त्रताको  युगमा  यस्तो  बन्धन  चाहिंदैन
मान्छको  छाती  मान्छेले  अब  कुल्चिन  पाइँदैन ।
२०५० भाद्र ।

त्यसलाई धिक्कार !



# त्यसलाई धिक्कार !

पूज्दछ  मान्छे  ढुङ्गाको मूर्ति,  मानिस  पूज्दैन
ढोग्दछ  बरु  बनाई  सालिक  भावना  बुझ्दैन
पढ्दछ  मान्छे  संसार  तर  आत्मालाई पढ्दैन
देखाउँछ  ढोंगी  अरुमा  प्रेम  दर्द  चैं  बुझ्दैन ।
पैसाको  लागि  हुँदैछ  मान्छे  सेरिन  तयार
स्वार्थका  खातिर  बनाउँछ  निजी महल-दर्बार
अर्काको भाग खोसेर  आफ्नो  एक्लौटी बनाउँछ
तैपनि  मान्छे  मानवताको  सिद्धान्त  घोकाउँछ ।
बुद्धको  शिर  काटेर,  बुद्ध- तस्वीर  सजाउँछ
शहीद्को  छाती  ताकेर गोली, फूलपाती चढाउँछ
धर्म  र  कानून- विज्ञान भन्दै  अरुलाई  सताउँछ
तैपनि  मान्छे  आफूलाई  मात्रै  असल  बताउँछ ।
लगाउँछ  लुगा  बाहिर  दामी, भित्र  त  नाङ्गो छ
देखाउँछ  सोझो  साधुको भेष,  आफू  त बाङ्गो छ
स्वतन्त्रताको  भाषण  गर्दै  दासता  लदाउँछ
सभ्य  छु  भन्दै  सभ्यतामाथि  बञ्चरो चलाउँछ ।
चढ्दछ  मान्छे  हिमाल  अग्लो,  तेञ्जिङ  जान्दैन
कुल्चन्छ  छाती  देशको मुटु  फर्केर  छाम्दैन
चन्द्रमा  छोई,  समुद्रभित्र  जहाजै  गुडाउँछ
तैपनि  मान्छे  धर्तीमा  कालो  खरानी  उडाउँछ ।
बनाउँछ  मान्छे  मोटर- गाडी,  रकेट  उडाउँछ
खगोलभित्र  पुगेर  चित्र- विचित्र  देखाउँछ
एट्लाण्टादेखि  सगरमाथा  समथरै  बनाउँछ
तैपनि  मान्छे  वर्ग  र  भेदको  सिद्धान्त  लदाउँछ ।
देख्तैछु  ऐले  अँध्यारोभित्र  भास्सियो  संसार
स्वार्थका  खातिर  मान्छेको  उल्टो  लादियो विचार
बुझ्दैन  जब  धर्तीको  पीडा,  युगको  चित्कार
असभ्य  बन्दै,  सभ्य छु  भन्दै  हिंड्नेलाई धिक्कार !
(ललिता काव्य उत्सव २०४९ मा वाचित कविता)

# हे लक्ष्मीप्रसाद !

मुनाको बोली भ्याउरेमा खोली, कविता बनायौ
मदनको गाथा, नेपाली व्यथा, देशको सुनायौ
कुञ्जिनी, म्हेंन्दु, लूनीमा बिन्दु, "उषा" मा खसायौ
हिमालमुनि उज्यालो राम्रो संस्कृति बसायौ ।
भिखारी, चारु, सन्ध्या र बादल, सुनको बिहान
वसन्ती, मैना, पहाडी ऐना, जागृति- मुहान
पुतली, लक्ष्मी निबन्ध तथा दाडिमको रुखनेर
शाकुन्तल जस्तो ओजस्वी काव्य दिएथ्यौ रचेर ।
पहाडी पुकार गर्दछ चित्कार नेपाली भाखामा
यात्री र मार्ग गर्दैछन् यात्रा हिमाली पाखामा
भाषामा भेष, नेपाल देश, ब्यूँझेछ बिहान
सिर्जना तिम्रो, बग्दैछन् कोशी- कालीको मुहान ।
गरीब- नारी, मजदूर- हली, गोठाला- खेताला
दु:खीको व्यथा, नेपाली कथा, सिर्जना उज्याला !
न जात- पात, न मैलो हात, न स्वार्थी विचार
मानिसलाई देवतै ठानी पुज्दथ्यौ संसार ।
कल्पनाभित्र सपना राम्रा, भावना पवित्र
प्रकृतिवादी, स्वच्छन्दवादी, रचना विचित्र
नेपाली वन, नेपाली पाखा, नेपाली चउर
सगरमाथा बाल्दैछ बत्ती तिमीलाई सम्झेर ।
वसन्तभित्र फुल्दैछन् फूल चढाउन तिमीलाई
अभाव खेपी बितेका हाम्रा नेपाली कविलाई
दानी र ज्ञानी हे स्वाभिमानी ! तपस्वी- स्वभाव
खट्कन्छ फेरि मलाई तिम्रो देशमा अभाव ।
बाँच्तैछौं हामी अँध्यारोभित्र उज्यालो साँचेर
रुँदैछौं हामी छातीमा हात माथमा राखेर
सक्तैनौं तिर्न त्यो गुन- भारा, चल्नेछ युगान्त
कलम क्षुद्र चढाएँ एक्लै हे लक्ष्मीप्रसाद !
२०४९ शरद्, देवकोटा जयन्ती



# देवकोटा जयन्ती

घुम्दै र फिर्दै, वर्ष दिन कुर्दै आएछ तिहार
उज्यालो भारी, झल्मल पारी गाउँ र शहर
चौसी रे भन ! भैलेनी भन ! नेपाल जिन्दावाद !
स्वर्ग नै झरोस् नेपालभरि वर्साउँदै आशीर्वाद ।
लक्ष्मीको पूजा, दु:खीको सेवा, संस्कार संस्कृति
पुर्खाको नासो, सुख र हाँसो नपरोस् विकृति
भट्ट्याउने दाइ हो, लौ भन भाइ हो ! निर्धक्क खुलेर
नेपाली फैलुन् डाँडा र काँडा जय जय बोलेर ।
मादल बजाइ, भ्याउरेको तालमा खुशीले नाचौंला
मुना र मदन गाएर सानु कम्मर भाँचौंला
फूलको माला, दीपको ज्वाला, साँझमा बालौंला
लक्ष्मीलाई राखी उज्यालो पारी अँध्यारो फालौंला ।
शरद्को जून खोज्दैछ छुन, कौशी र आकाश
पिंढीमा घाम, खोल्दैछ याम, छर्दैछ प्रकाश
भुँवरा भुन्भुन, माहुरी गुन्गुन, वन- जङ्गल- पाखामा
कोयली गाउँछे, उज्यालो ल्याउँछे, कविको भाखामा ।
दिदी र भाइ, दाजु र बैन्ही टीकामा भेटौंला
बलिया हात, मित्रता साथ तिर्सना मेटौंला
गाउँको दु:ख, गाउँलेको दर्द आपसमा बाँडौंला
आगामी वर्ष, मनाउने हर्ष प्रतिज्ञा गरौंला ।
सुख र दु:ख बाँडेर लिउन् सञ्च र विसञ्च
ठूलाले दिउन्, सानाले लिउन् आसिक युगान्त
सबै नै हाँसुन्, सबै नै बाँचुन् अमर बनेर
चिता'को पुगोस्, पुगेको रहोस् ढुकुटी भरेर ।
नेपाली चाड, कविको बाड, लक्ष्मीको प्रसाद
आउन् र गाउन्, कविता लाउन् नेपाली समाज
श्रद्धाले पूजुन् मानव जाति अमर कविलाई
संसार ढाकी, उज्यालो डाकी, युग- युगभरिलाई ।
देवकोटा जयन्ती २०५२

# को छुत-अछुत ?

हामीले लाउने छालाको जुत्ता सार्कीले बनाउँछन्
हामीले लाउने शिरको टोपी दर्जीले सिलाउँछन्
हामीले जोत्ने हलाको फाली कामीले कमाउँछन्
तैपनि मान्छे तिनैलाई किन अछुत बनाउँछन् ?
बिहेमा बज्ने शनाही बाजा दर्जीले बजाउँछन्
मादल- ढोल, खैंजडी - खोल सार्कीले सजाउँछन्
डोलीमा लाउने फलामे डोल कामीले कमाउँछन्
तैपनि मान्छे तिनैलाई किन अछुत बनाउँछन् ?
शिरमा लाउने टोपीमा हेर दर्जीको कला छ
सारङ्गी ऱ्याइँ- ऱ्याइँ बजेको सुन गाइनेको गला छ
कोदाला- खुर्पा, तर्बार- खुँडा ज- जस्ले कजाउँछन्
किन हो मान्छे त्यसैलाई सानो अछुत बनाउँछन् ।
कानैमा लाउने ढुङ्ग्री र मुन्द्री, नौगेडी गलामा
गहना हुन् वा गुरिया हुन् वा सजिने कलामा
पाउजू- सिक्री जे भने पनि मान्छेले कमाउँछन्
तैपनि मान्छे तिनैलाई किन अछुत बनाउँछन् ?
तिनको पनि उस्तै छ रातो जिउमा रगत
उस्तै छ पेट, आँसु र हाँसो, उस्तै छ जगत
भोक र प्यास, जिउँदो आस, पसिना- पियास
ती पनि गर्छन् हामीले जस्तै जिउने प्रयास ।
आजको मान्छे को ठूलो- सानो ? को धनी- गरीब ?
को बाहुन्- क्षेत्री, को उँचा- नीचा, को अमिर- हरिप ?
सबैको तातो, रगत रातो, एउटै छानो छ
को भन्न सक्छ ? जातिमा मान्छे यो ठूलो- सानो छ ?
मानिस आखिर हुँदैन कैल्है छुत र अछुत
श्रमले मात्रै बनाउँछ मान्छे सपुत- कपुत
यो उँच- नीच, नमिल्दो रित, भ्रमको उपज
नफेरेसम्म पुरानो प्रथा उठ्दैन समाज ।
२०५३ फागुन,



# भानुको जन्म दिन !

असार मास, गाउँछे साँझ कोयली मिठो धुन
घुमी र फिरी, आएछ फेरि भानुको जन्म दिन
दर्किंदा झरी, सुसायो वरी, रम्घाको चुँदी वन
कलम घुमाइ, दोहोरी सुनाइ हिंडुँ झैं भयो मन ।
नेपाली भाषा, सिलोक खासा, झ्याउरे र सवाइ
टिपेर फूल, गाँसेर माला, एउटै बनाइ
रामको गाथा, सीताको कथा, सतीको कहानी
भानुले ल्याए प्रथम क्रान्ति, भाषामा बिहानी ।
जनको बोली, मनले खोली, दिल छुने सुसेली
भाषामा झट्ट, कविता चट्ट बनाए वनेली
अनेक छन्द, छन्दमा बन्ध, बन्धमा स्वच्छन्द
कोयली कण्ठ, असारे, कर्खा माटाको सुगन्ध ।
माटोमा मुटु, जोडियो पुल मेची र कालीमा
सगरमाथा अग्लियो उँचा स्वर्गको पालीमा
हिमाली बत्ती झल्मल बल्यो, संसार ढाकेर
नेपाली भाषा ब्युँझियो भानुको ज्योति बालेर ।
आएर गाए पीरति लाए संस्कृति बसाए
मरेर गए, अमर भए, आकाश रसाए
गाउँछन् चरा नाघेर धरा वन र पाखामा
रवि झैं कवि, भानुको मोती झल्कन्छ आँखामा ।
भानु जयन्ती, २०५२ असार २९

# लौ उठौं जुरुक्क !

मान्छेले मान्छे दबाउँछ भने मानिस उठ्नु छ
मान्छेको हक खोसिन्छ भने एक भै जुट्नु छ
मान्छेले मान्छे कुल्चिने प्रथा मानिस विरुद्ध
मान्छे भै हामी ज्युनु छ भने लौ उठौं जुरुक्क ।
कि थाप्छ मान्छे छातीमा गोली कि भिर्छ हत्कडी
मान्छेको मुक्ति हुँदैन स्वयम् मान्छेले नलडी
बोल्ने र लेख्ने सङ्गठन खोल्ने चाहिन्छ अधिकार
त्यसैका लागि निर्धक्क लडे भाग्ने छ ब्यभिचार ।
मान्छेले मान्छे खोज्दैछ हुन आजको विश्वमा
न्यायको मशाल बाल्दै छ मान्छे देशको पक्षमा
जेल र नेल तोड्दैछ मान्छे स्वतन्त्र हुनलाई
नेपाली भई बाँच्नु छ भने लौ उठौं दाजु- भाई !
जनआन्दोलन २०४६, चैत्र ।

## कर्तव्य

नेपाली भाइ बस्दछौ किन ? अबेला भैसक्यो
मान्छेले आज पुग्नु छ कहाँ, अबेला भैसक्यो
अरुका देशले के गरिसके, हामी त उस्तै छौं
दीन र हीन भएर किन ब्यर्थमा रुँदैछौं ?
जानु छ भ्फाडी वनका फाँडी, अन्याय उजाडी
पार्नु छ बस्ती उज्यालो मस्ती, पुग्नु छ अगाडि
फेर्नु छ अब घुर्मैलो- थोत्रो- सडेको कहानी
ल्याउनै पर्छ सबैले मिली सुनौला बिहानी ।
नबोलुँ भने कर्तव्य आउँछ धारिलो बनेर
र बोलुँ भने तेर्सिन्छ छाती तर्बार ताकेर
मनको कुरा मनैमा राखे सडेर पाक्ने छ
यो स्थिति यस्तै रहेमा यस्ले नेपाले ढाक्ने छ ।



# सबै छन् बराबर !

को मान्छे ठूलो, को मान्छे सानो ? सबै छन् बराबर
काला हुन- गोरा, धर्तीमा छोरा उस्तै छन् सराबर
कुन देशका हामी, कुन देशका उनी, को आफ्नो- पराई ?
चाहे हौं हामी हिमाल, लेक, पहाड- तराई ।
को छोरा मान्छे, को छोरी मान्छे, को धनी-गरीब ?
एकै हौं सारा, नेपाली तारा, विश्वकै मानिस
को दुःख पाउने, को सुख भोग्ने, को धन कमाउने ?
एकै हौं हामी, विश्वमा नामी, नेपाल बनाउने ।
एक पेट खाने, एक आङ ढाक्ने, एक जुनि बिताउने
पढ्ने र लेख्ने, उज्यालो देख्ने, विश्व एक बनाउने
शिक्षा र दीक्षा, लागेको इच्छा, पूर्णता चाहिन्छ
भौतिक जगत् उज्यालो पार्ने आधार चाहिन्छ ।
अनेक जाति र उप- जाति नेपालैभरि छन्
सबैका चाड, संस्कृति भिन्नै आ-आफ्नै खाले छन्
भाषा र भेष, साभ्फा छ देश, एउटै नेपाली
गर्दैन वेद समेत भेद अतीत अँगाली ।
सबैले सक्छन् पढ्न र गुन्न वेद र पुराण
चेतना भए छुट्टयाउन सक्छन् राम र रावण
जातले कोही बन्दैन मान्छे छुत र अछुत
श्रमले मात्र बनाउँछ मान्छे असल- खराब ।
आजको युगमा नगरौं भेद, लडाइँ गाउँमा
जगाउनु छैन आरति अब धर्मको नाउँमा
स्वतन्त्रताको गाएर गीत धरालाई जगाऊ
समानताको दिएर शिक्षा नेपाल उठाऊ !
२०५१ साउन

# नेपाली फर्क हे !

नेपाल छाडी लाहुर जाने नेपाली फर्क हे !
आमाको मुहार माग्दछ गुहार, फर्क न फर्क हे !
करैमा परी विदेश गयौ या धन कमाउन ?
अर्काको देशमा किन पो गयौ बन्दुक समाउन ?
लाहुरे हुन्छौ, छाउनीमा रन्छौ, दर्बान बन्दछौ ?
अर्काको निम्ति बगाइ खून के खान पाउँछौ ?
जन्मेको देश, बन्दैन बेस, गाउँ- समाज बिर्सेर
किन पो बस्छौ बिरानो जस्तै जीवन अर्पेर ?
घरमा दुःख, नहुँदा सुख लाहुर गयौ कि !
“नूनको सोझो” गरेर उल्टै बिर्सने भयौ कि !
लड्नु छ भने स्वदेशमै पर्थ्यो दुश्मन यहीं छन्
देशको मुक्ति खातिर लड्ने, ती मात्र शहीद हुन् ।
देशका जाली, विदेशी झेली यी दुबै एकै हुन्
तिनैका स्वार्थ खातिर बेच्न हुन्नथ्यो तातो खून्
बेचेको खूनले, पिएको नूनले हुँदैन भलाई
देशको आँसु पुछ्नु छ भने फर्क हे दाजु-भाइ !
तिमीलाइ हेप्ने, मौलान खेद्ने, ती तिम्रा शत्रु हुन्
घर- बारी खोस्ने, पीडाले रोप्ने, मानिस पत्रु हुन्
ती रैती- मारा नखेदेसम्म यो रित टुट्दैन
देशको मुक्ति बाहेक अर्को सपना हुँदैन ।
बुझ न कुरा, देशका छोरा, नबनी अज्ञानी
अकार्थै पारी, जीवन भारी, के फाल्छौ जवानी ?
जन्मेको देश उज्यालो पार्ने हिम्मत लिएर
फर्क र चम्क, मुक्तिमा लम्क, वलिदान दिएर ।
गरीब भई, गरीब मार्नु हुँदैन वीरले
पोल्ने छ उल्टै अन्त्यको बेला तातेको झिरले
इमान- जमान देशको भए फर्केर आऊ न
अँध्यारो रात हटाउनै पर्छ, उज्यालो ल्याउन ।
२०४६ जनआन्दोलन दिवस



# नबेचौं आत्मा !

घाम् पनि डुब्यो, जून् पनि निभ्यो पारिको डाडाँमा
मन् पनि कुँड्यो, ज्यान् पनि बुड्यो एक्लास टाढामा
फक्रेको फूल पानीमा झर्दा वैलायो बगरमा
देशकी छोरी, सिमानापारि बम्बई शहरमा ।
खोलाको माछा जालैमा पऱ्यो, घुमेर फन्फनी
दाजु र भाइ मौलान पसे कमाउन कम्पनी
म यौटी चेली जालैमा परी कसरी बेचिएँ ?
साहूको रिन चुकाउन खातिर इज्जतै लुटिएँ !
पर्दैन पानी लाग्दैन घाम, चल्दैन बतास
आउँदैन खुशी, मन् सधैं दुःखी बन्दछ उदास
छातीमा घाऊ लाग्दछ, मुटु- कलेजा चर्चरी
नौ डाँडापारि, दुःखमा भारी, रोइबस्छु धर्धरी ।
जन्मेको गाउँ, हुर्केको ठाउँ, खेलेको दलान
कस्लाइ प्यारो लाग्दैन आफ्नै स्वदेशको आँगन ?
नबोले पनि यो छातीभित्र नेपाल बोल्दछ
देशको छाती बगरमा ढल्दा देश नै दुःख्तछ ।
अर्काको भरमा परेर करमा नजानु रहेछ
गाउँ- पाखा छाडी, यसरी आउनु भूलै पो भएछ
गर्दछु बिन्ती देशका सारा दिदी र बैन्हीलाइ
नबेचौं आत्मा, अरुको हात्मा जुनिभर रुनलाइ ।
(२०५० साउन)

# लौ बोल नेपाल जिन्दावाद !

नेपाली जन विश्वमा आज माग्दैछ गुहार
नसकी थाम्न मनको बह खोज्दैछ सहारा
हिमाली आँसु पग्लन्छ साथी, बतास चिसो छ
उन्नति भन्ने फलामे च्युरा चपाउनै गाऱ्हो छ ।

धनीका छोरा "बोर्डिङ" पढ्छन् "मोटर" चढ्दछन्
गरीबका छोरा गाउँ- पाखा तथा भीरमा लड्दछन्
धनीका छोरी सिर्बन्दी सारी, मख्मली लगाउँछन्
गरीबका छोरी जिउभरि हरे ! पसिना बगाउँछन् ।

किसान जोत्छन् हलोले खेत- बारीलाइ फुटाइ
खेताला खन्छन् बारीका डल्ला- चपरी पल्टाइ
मज्दूर ठोक्छ हतौडा- घन, उसकै बेहाल छ
बोल्नुका नाउँमा पाइन्न सत्य, सबतिर गोल्माल छ ।

ब्याजको स्याज लिएर धनी, गरीब सताउँछ
गाउँको ठालु आएर उल्टै इन्साफ दबाउँछ
पढाइको नाउँमा घोकाइने फोस्रो शिक्षा र चाकडी
विज्ञान- ज्ञान- उन्नति खोजे लाउँछन् हत्कडी ।

गाउँका ठालु बेच्तछन् चेली बम्बैमा लगेर
गोरखा भर्ती केन्द्रमा छोरा गाउँका सुम्पेर
त्यसैको हिस्सा लिएर आधा यी भट्टी जमाउँछन्
अर्काका छोरी सुन्दरी देखे दिउँसै समाउँछन् ।

नेपाली नाक, काटेर छाक, दूध- भात लडाउँछन
लेख- पढ गर्न देउ भन्दा उल्टै जेलमा सडाउँछन्
कानून- धर्म लिएर हातमा बेर्दछन् पाशोमा
सामन्ती राजमा दुनियाँ मरे पिल्सेर जाँतोमा ।

बन्दुक ताक्छन्, बूठ-जुत्ता ठोक्छन् राजनीति गर्नेलाइ
जेलमा मार्छन्, नेलमा हाल्छन् देशभक्तहरूलाइ
तैपनि प्रजातन्त्र हो भनी करले भन्नु छ
देशद्रोही कैल्हे मर्ने हुन् भनी दश औंला गन्नु छ ।

अरुको देशले चन्द्रमा टेक्ता यो चङ्गा उडाउँछ
मान्छेको छाती, कुल्चेर राती मोटर गुडाउँछ
भेडा र बाखासरि छन् मान्छे चुनाव आउँदा
लाठीको भरमा भोट दिनु पर्ने टाउकोमा हिर्काउँदा ।



विदेशी "एड्"मा, जाँडको भरमा, ती राज्य चलाउँछन्
तस्करी, लागू पदार्थ पाए नेपालै जलाउँछन्
मूर्तिको कालो व्यापार चल्छ सामन्ती सत्तामा
नास्सियो धर्म, हरायो शर्म, सत्ता र भत्तामा ।

शहरभरि गर्दछन् कत्ति गुलामी- तस्करी
देशलाई मारी, कङ्गाल पारी, लाउँछन् पगरी
ठूलालाई भने खत- बात छैन मान्छेलाई उडाउँदा
मण्डले तत्व वैरिन्छ गोलो विरोध जनाउँदा ।

भोका र नाङ्गा, जनतामाथि षड्यन्त्र- व्यभिचार
बढ्दैछ यिनको कर्तुत कालो देशमा अतिचार
नैतिकहीन बनेर गयो सत्ता र व्यवस्था
लौ उठ दाइ हो ! लौ उठ भाइ हो ! फेर्नलाइ अवस्था ।

विश्वमा दोस्रो कङ्गाल मुलुक नेपाल बन्दैछ
सामन्ती नीति, शोषकी चाला देशव्यापी छँदैछ
पुरानो तथा सडेको प्रथा, संस्कार ज्युँदै छ
यो सबै फेर्न, उज्यालो हेर्न आन्दोलन चल्दै छ ।

फागुन सातको नेपाली बीचको एकता आन्दोलन
दासत्व मोचन, जनको पोषन, अजेय आन्दोलन
सघाऊँ भाइ हो होस्टेमा हैंसे गरेर जिउन
विश्वमा हाम्रो, नेपाली राम्रो सद्भाव देखाउन ।

संसारका मान्छे नैतिक बल हामीलाइ दिदैछन्
उज्यालो देश बनाउन बेस- मद्दत गर्दैछन्
सिद्धान्तहीन व्यवस्था हुन्छ अराजक विचार
त्यसैको जरो, उप्काउन खरो गर्नु छ प्रचार ।

काँचुली फेरोस्, देशले हरोस्, विश्वको विकास
सबैको निम्ति होस् प्रजातन्त्र स्वतन्त्र प्रयास
लौ उठ भाइ हो ! उठेर बोल नेपाल जिन्दावाद !
युग- युगसम्म गुञ्जियोस् ध्वनि नेपाल जिन्दावाद !

जन-आन्दोलन दिवस, २०४६ फागुन ७

# पासाङ देवीलाई....

हिमालकी छोरी हिमालमा  गइन्, हिमालमै हराइन्
अकाशमाथि  चम्किलो   ज्योति   बनेर  उदाइन्
बुद्धको   माटो   भिजाइ   गइन्  वीरता   देखाइ
गर्दछौं  श्रद्धा,  देशकी  योद्धा   पासाङ  देवीलाई ।

बुद्धकी  छोरी, सीताकी  छोरी,  जगत्को फूलबारी
नेपाली   माटो  शान्तिको  बाटो,  देशकी  छहारी
भृकुटी- तारा,   जगतै   सारा   ढाकेर   उदाइन्
अँध्यारो  वस्ती  धपक्कै  पारी  अन्त्यमा  हराइन् ।

पहाडमाथि   गुराँस   रोपी,   बादल    फुलाई
वन   र   पाखा नाचिथिन्  लाखा  वसन्त भुलाई
चौंरीका  लेक,  भेडीका  गोठ,  नाघेर बढ्दथिन्
पर्वतमाथि   पर्वत  टेकी   हिमाल   चढ्दथिन् ।

जीवनभित्र    उज्यालो   चित्र,   अदम्य  साहस
हिमाल  चढ्ने  गरिथिन्   तिन्ले  जिउँदो  प्रयास
सगरमाथा   शिरमा   बोकी,   छातीमा   नेपाल
ओजस्वी   मूर्ति  कुँदेर  गइन्  देशमा  विशाल ।

हिमालमुनि,   हिमालमाथि,  पासाङ् त ज्युँदै  छिन्
विश्वका  सामु  चिनाइ देश,  उनी त आउँदै छिन्
गौरब  गर्छिन्   नेपाल  आमा  सम्झेर  छोरीलाई
नेपाली  मुटु,  चढाउँछ  माटो  पासाङ  देवीलाई ।

२०५० वैशाख



# पासाङ देवीलाई...२

जून  जस्तै  राम्री, उज्याली हाम्री,  पासाङ देवीलाई
चढाएँ  मैले  कमलको  फूल  ओजस्वी  मूर्तिलाई ।

\+ + +

मानिस   आखिर  जन्मेर   पनि   मर्नु   त  पर्दछ
देशको   लागि   बाँचेको   क्षण   गौरब    गर्दछ
गर्दछ   जस्ले   खोलेर   छाती   देशको   भलाई
शहीद   जस्तो   अमर   अर्को   लाग्दैन   मलाई ।

\+ + +

नारीले  मात्रै   नसक्ने   होइन,  वीरता  देखाउन
साहस  मात्रै   चाहिंदोरै'छ   आफूलाइ   हिंडाउन
वीरको    पाइला   नरुक्दोरै'छ   डाँडाले   छेकेर
हिमाल  पनि   नुहिंदो रै'छ   पासाङलाइ   देखेर ।

\+ + +

यो  माटोथि, यो  बाटोमाथि,  वीरको  पाइला   छ
त्यो पाइलाभन्दा अगाडि यौटा  पासाङ्को पाइला छ
पर्वतमाथि   उठेको   छाती   हिमाल   अग्लो  छ
हिमालभन्दा  विशाल  अर्को  पासाङ्को   मूर्ति छ ।

\+ + +

मानिस   सबै   बन्दैन   वीर,   चढ्दैन   हिमाल
राख्दैन  कीर्ति,   ओजस्वी   मूर्ति, छातीमा  नेपाल
लडाइँको  मोर्चा  धाउँदैन मान्छे  आफूलाई त्यागेर
पासाङ  जस्तै  हिमाल  चढ्ने  आउँदैनन्  फर्केर ।

# भूकम्पीय सुरक्षा

भू माने पृथ्वी र कम्प काँप्नु अथवा हल्लिनु
भैं माने भूइँ, चाल माने चल्नु, लाम्चिनु, डल्लिनु
भू- कम्प होस् वा भू- चालै हवस्, भैंचालो यौटै हो
आउँदा र जाँदा, बस्तीलाइ खाँदा सखापै पार्छ पो ।
सकिन्न टार्न, मारेर मार्न, आएरै छाड्छ त्यो
सकिन्न राख्न स्वादले चाख्न ज्वाएरै छाड्छ हो
हो पनि हुन, छ पनि छन, चाहिंदैन, पाइँदैन
भू- कम्पसित हाँस- खेल गर्दै पीरति लाइँदैन ।
कस्तो छ रुप भनेर खुप, कसैले जान्दैन
नआइज भन्दै धूप- बाती गऱ्यो भनेको मान्दैन
न दया जाग्छ, न माया लाग्छ, न प्रेम- भावना
तैपनि आउँछ, थर्काइ जान्छ, उस्कै छ गर्जना ।
सबै छन् त्रस्त, अस्त र व्यस्त, सुन्दैमा डराउने
आएर फाँडी, वन र झाडी, लुसुक्कै हराउने
बैगुनी कस्तो, निठुरी जस्तो सभ्यता बिगार्ने
न गर्छ यस्ले दुनियाँभरका मान्छेलाई सपार्ने ।
भू- कम्पबाट बच्ने हो भने आधार चाहिन्छ
छरिता घर काठका तर जोर- धुरी चाहिन्छ
खोला र खाल्सा हुँदैन बस्न खाडीको नजिक
हरियो वन लगाइकन हौं आफैं रक्षित ।
चुचुरा- डाँडा, पहाड- ठाडा, बलौटे, दद्रचान
कमेरे माटो, सिम्सिमे पाटो, पानीको मुहान
सिम्पानी- गऱ्हा र तरहरा दल्दले जमीन
त्यस्तामा बस्नु हुँदैन कोही नगरी यकीन ।
जाँचेर माटो, घडेरी- घाटो, सबैमा विचारी
भू- कम्पविज्ञ, ल्याएर प्राज्ञ, हेराउनु राम्ररी
गम्भीर बनी, मनमनै गुनी यै कुरा सिकाऔं
तालीम लिई, तालीम दिई, चेतना जगाऔं ।
(२०५७ मा भू-संरक्षण संस्थामा अस्वीकृत भएको)



# खै कस्ले बुझ्यो ?

नेपाली भाषा, झ्याउरेमा खासा कविता बनायौ
मानवताको उज्यालो, नौलो भावना फिंजायौ
गरीबको कथा, देशको व्यथा, युगको कहानी
चेतना बोकी ल्याएथ्यौ क्रान्ति प्रथम बिहानी ।
जनका बोली, हृदय खोली, मुटुका सुसेली
वन र पाखा, गुञ्जाइ लाखा, उषालाइ छिचोली
आदिम युगको लेखेर कथा- कविता- कहानी
नेपाली माटो, देखाइ बाटो भएथ्यौ क्या नामी !
छहरा- छाँगा, लहरा- हाँगा, पर्वत चढेका
मेची र काली, मस्काई लाली, हिउँचुली बढेका
सुनका गजूर, मन्दिर राम्रा, चाँदीका जुहार
दुःखका माझ, हँसायौ हाम्रो नेपाली मुहार ।
गरीब, नारी, मज्दूर, हली, दुःखी र भिखारी
आदर्शतामा भौतिकवादी- प्रकृति पूजारी
छन्द र ताल, न शब्द- जाल, नौलो र प्रयुक्त
स्वतन्त्रताका पक्षमा पनि थियौ रे ! सशक्त ।
भाषाका धनी, शब्दका खानी, कलाका पारखी
दानी र ज्ञानी, हौ स्वाभिमानी, भावका तरक्की
प्रतिभाशाली हौ एशियाली क्षेत्रकै महान
सक्तैन गर्न कसैले तिम्रो लेखेर बयान ।
खै कस्ले बुझ्यो, पढ्यो र गुन्यो ? पवित्र भावना
खै कस्ले हिंड्यो आदर्श बोकी, सत्यको बाटोमा ?
रेटेर भाषा, गलामा पाशा, मारेर संस्कृति
पुकार्छन् ब्यर्थै जोडेर हात, बनाई विभूति !
देवकोटा जयन्ती, २०५१ कार्तिक

# हे लक्ष्मी प्रसाद ! २

संसारका दुःखी मान्छेलाइ सुखी बनाउने चाहना
रोपेर गयौ मानवताको अजेय भावना
मान्छेको आत्मा इश्वरै देख्ने हे देश पूजारी !
श्रद्धाले शिर झुकाउँछौं हामी एक भै नेपाली ।

नेपाली भाषा, विश्वमा खासा, क्या राम्रो संस्कृति !
यसैमा गर्‍यौ, जिन्दगी लायौ प्राणको आहूति
कविता भन्छन्, काव्यले चिन्छन्, हे भाषा- सेवक !
स्वनामधन्य महान कवि हे लक्ष्मीप्रसाद !

सृष्टिका स्रष्टा, युगका द्रष्टा, स्वच्छन्द प्रवर्त
स्वतन्त्रताका अगमवक्ता, प्रभाती सर्वत्र
विवेकवादी, सिद्धान्तवादी, नैतिक- जीवन्त
विश्वमा नेपाल चिनाउने तिमी हे लक्ष्मीप्रसाद !

युगान्तकारी हे क्रान्तिकारी ! अमर- अजर
नवीन युगको थालनी गर्ने लिएर विचार
हरेक विधा, कलम सीधा, श्रमको गौरब
प्रेरणा दिने, मन यो छुने हे लक्ष्मीप्रसाद !

जाति र पाती छुवा र छूत, नमान्ने कुरीति
ठूलो र सानो नगर्ने भेद, असत्य- विरोधी
पुरुष- नारी, एकत्र पारी, कलमको हुँकार
सगरमाथा, देशका गाथा, हे लक्ष्मीप्रसाद !

बिर्सने छैनौं, युगान्तसम्म हामीले तिमीलाई
श्रद्धा र भक्ति चढाउँछौं अति खुशीले तिमीलाई
हिंड्ने छौं तिम्रो बाटोमा राम्रो हुने छौं आजाद
सलाम दिन्छौं, मनका देउता, हे लक्ष्मीप्रसाद !

महाकवि देवकोटा जयन्ती २०४७



# दशैं

दशैं नै आयो रमाइलो चाड, गाउँ र शहर
बोकेर ल्यायो मनमा खुशी, दिल छुने रहर
अँध्यारो रातमा उज्यालो छायो डाँडा र पाखामा
नेपाली राज्य झिलि र मिली लैबरी भाकामा ।

मादल बज्यो घिन्ताङ- घिन्ताङ झ्याउरेमा सुनाई
छन्द र तालमा अप्सरा नाचेतुल्य भो रमाई
नौमती बाजा, शनाही राम्रो, न्याउलीको रुवाई
सारङ्गी स्वरमा जुरुक्कै उठ्यो नेपाल ब्युँझाई ।

ढक र मक वनमा फुले बेली र चमेली
घरमा झुले सैपत्री, बुकी, कौशीमा मखमली
मग्मग वास्ना धूपीको लिंदै भ्रम्मरा डुल्दैछ
शरद्को जून क्या राम्रोसित कलिलो खुल्दैछ !

सुख र दुःख बाँडेर रम्छन् गाउँ र समाज
देखिन्न मान्छे पीडामा रुने, सबै छन् हर्षित
हिमाल पनि मस्केर हाँस्छ गोधूलि छायामा
प्रेमको भाव अभाव छैन आपसी मायामा ।

केटा र केटी, पापा र चिची माग्दछन् रमाई
पीङमा झुल्छन्, बारीमा खेल्छन्, सैसला बनाई
रोधीमा गाउँछन् असारे गीत, दोहोरी साँझमा
लाउँछन् प्रीत क्या मीठोसित ! बैंसले छातीमा ।

बाबाले दिन्छन् आसिक आमा, छोरा र छोरीलाई
प्रेमीले प्रेमी गएर भेट्छन्, प्याराले प्यारीलाई
खबर साट्छन्, चिठीले भेट्छन् मायाले मायालाई
घाम र जून पीरति लाउँछन्, छायाले छायालाई ।

हिन्दूले मात्र होइन दशैं सबैले मान्दछन्
आ-आफ्नो गच्छानुसार जीवन चलाउन जान्दछन्
पूजा र आजा, गरेर साँझ लाखबत्ती बाल्दछन्
वर्षमा यौटा मनाई हर्ष अँध्यारो फाल्दछन् ।

२०५१ शरद्

# दशैंको ब्यथा- २

दशैंको दशा, घुमाउँछ नसा, छातीमा फन्फनी
चोइटिन्छ मुटु, झन् कुटुकुटु, शिरा र धमनी
डढे झैं वन, आत्तिन्छ मन, उदासी बनेर
वेदना रुन्छ, भक्कानो जम्छ, छातीमा गएर ।

खुशीको दिन, बेखुशी किन, ऐलेको दशैंमा ?
बाढीको कथा, पैऱ्होको ब्यथा, डढेलो मनैमा
अभाव- दुःख, दुःखीको मुख, झन् बस्ती अँध्यारो
गरीबको घरमा बलेन बत्ती, आएन उज्यालो ।

नाना र चाचा, खुम्चिंदो वाचा, वैलिंदो सपना
मरेको आशा, जलेको प्यासा, बिग्रेको विपना
मधुरो घाम, अधुरो जून पिंढी र दलान
शङ्ख र घण्ट बज्दैन धून, मन्दिर- आँगन ।

न फर्के छोरा हर्के र बिर्खे सम्झेर बाबालाई
न फर्के छोरी, काली र गोरी, सम्झेर आमालाई
न आयो कोही सान्त्वना दिन डढेको यो मनलाई
सधैं भो दुःख, आएन सुख, अभागी जीवनलाई ।

बाढी र पैऱ्हो चलेर गैऱ्हो, बस्ती भो उजाड
भैंचालो आयो, फाँडेर गयो, तराई- पहाड
ऐलेको वर्ष, के मान्नु हर्ष, के मान्नु तिहार !
विजोग लाग्दो गाउँलेको स्थिति, खुम्चेको निधार ।

जन्ताको नाउँ सबैले लिन्छन्, हेर्दैनन् कसैले
देवी र देउता भाकेर बस्छन्, के हेर्थ्यो दैवले
मरेका जति खरानी भए, बाँचेका बेखबर
स्याल र गिद्ध आएर घुम्छन् बस्तीमा बारम्बार ।

(२०५० को बाढी- पैऱ्होमा रचित)



# सडक-बालक

सडकमै जन्में, हुर्के र बढें, सडकमै रहें म
खाएँ र पिएँ, सडकमै जिएँ, सडककै भएँ म
सडकसित मितेरी लगाइ सडकमै डुल्छु म
रातको चिसो खाएर फेरि सडकमै खुल्छु म ।

सडकै मेरो, सेरो र फेरो, सडकै घरबारी
सडकै मेला, गोष्ठी र भेला, सडकै दौंतरी
स्कूल मेरो, सडकको फेरो, दोबाटो- चौबाटो
सडकै आमा, सडकै बाबा, उज्यालो-अँध्यारो ।

पुराना बोरा बाँकी छ घेरा, ओढेर सुत्छु म
चर्किन्छ घाम, दर्किन्छ पानी, उठेर कुद्छु म
सडकमा सारा देखिने तारा नौलाख गन्छु म
मेरो त छैन तैपनि आफ्नो सडकमै हुन्छु म ।

प्लाष्टिकका थैला, पुराना-मैला, अन्न र पात छन्
बोतल खाली, बोरामा हाली, सम्पत्ति बन्दछन्
दुइ- चार पैसा, लिएर ऐसा, गुजारा चलाउँछु
के पुग्थ्यो खान, दुःखले प्राण तैपनि बचाउँछु ।

अरुले हेला, दुर्दुर गर्छन्, अबोध बन्छु म
गालीमा ताली, लाउँछन् खाली, निस्प्राण हुन्छु म
सताउँछन् कत्ति, आएर रत्ति विवेक नराखी
खाते र भाते भनेर उल्टै हप्काउँछन् नजाती ।

मलाई पनि संसार घुम्ने, रमाउने इच्छा छ
पढ्ने र गुन्ने असल बन्ने, जीवनको लक्ष्य छ
मद्दत गरे, काम लाग्थें भरे, सप्रिन्थ्यो जवानी
देशको लागि हुनेथ्यो बेस, बन्नेथें सुवानी ।

नभन मलाई खाते र पाते, म पनि छोरै हुँ
मान्छेको वंश, देशको अंश, टुहुरो मात्रै हुँ
अरुकै जस्तो जीवन मेरो रगत- मासु छ
मायामा रम्ने, हेलामा जम्ने, हाँसो र आँसु छ ।

बाल दिवस २०५१ भदौ

# आजादी

सुन्यौ कि साथी, भत्कियो लाछी, बर्लिनको पर्खाल
मान्छेले मान्छे जगाउँदै आयो बालेर मशाल
जनताको शक्ति जागेर आउँदा संसारै ब्युँझायो
धर्तीमा हेर ! आकाशतिर मिर्मिरे चियायो ।

बस्दैन मान्छे बाँधेर हात फलामे डोरीले
सक्दैन छेक्न पूर्णेको रात अँध्यारो औंसीले
छातीमा तातो, रगत रातो, बहन्छ सर्सरी
आदिम युगको संस्कार थोत्रो चर्किन्छ चर्चरी ।

कानूनका किल्ला भत्काउँछ मान्छे पैंताला टेकेर
कुल्चन्छ तानाशाहीको छाती बूठ-जुत्ता ठोकेर
मेची र काली, हात-पाउ चाली, लम्कन्छ अगाडि
इन्क्लाव गाउँदै हिंड्दछ मान्छे नफर्की पछाडि ।

दासता लाद्ने, निर्धालाई खाँद्ने, सडेको संस्कृति
त्यसैको खाँबो नभाँची हुन्न भौतिक उन्नति
आँधी र हुरी चल्ने छ बरु संसारै ढाकेर
स्वतन्त्रताको लडाईं लड्न मान्छे छ तयार ।

तर्बार, भाला, बन्दूक, खुँडा जो पर्छन् अगाडि
क्यै हैनन् सारा तोप र गोला, पर्नेछन् पछाडि
मान्छेको शक्ति जान्दैन रत्ति, सुन जाँच्ने कसीले
मान्छे त लेख्छ इतिहास आफ्नै रगतको मसीले ।

सक्दैन बस्न, खरानी घस्न, बन्धन स्वीकारी
निर्धक्क बाँच्न, उज्यालो साँच्न गर्दो छ तयारी
पूर्वमा हेर, पश्चिममा हेर ! जगतै जागेको
आ-आफ्ना हक- अधिकार लिन दुनियाँ लागेको ।

लौ उठ अब निर्धक्कसँग ! को छेक्छ तिमीलाई ?
रोक्दैन आँधी- हुरीले पनि वीरको छातीलाई
आगाको लप्का, हावाको झोंक्का, चेतना-बतास
उचाल्दै झण्डा, देशका खम्बा, बन्नेछन् अजाद ।

२०४६ जनआन्दोलन



# ब्युँझ ए किसान !

हलाको टुँडो घोटेर बाँझो जमीन फुटायो
खडेरी- झरी सहेर पनि फसल लगायो
मल-जल हाली, धर्तीको थाली हरियो बनायो
तैपनि किसान ! घरमा उस्ले खै अन्न थन्क्यायो ?

पसिना रोपी, अन्नका मोती, धान-मकै फलायो
अररी घारी फाँडेर बारी मलिलो बनायो
कान्ला र भीर, खोलाको तीर, सभ्यता बसायो
तैपनि किसान ! खान र लाउन भरपेट खै पायो ?

फाटेको टोपी देखिन्छ टुपी, झल्लरे लुगा छन्
पैंताला खाली, चिल्था र चिल्थी, छातीमा धुजा छन्
अभाव नाना खेपेर पनि अरुलाई खुवायो
तैपनि किसान ! बस्नलाई यौटा झुपडी खै पायो ?

धानका बोरा उचाल्छन् छोरा भित्र्याउँछ अर्कैले
ब्याजको स्याज लिएर उल्टै दोब्र्याउँछ साहुले
होस् रित्तो घर हर्दम तर अरुलाई बचायो
तैपनि किसान ! भोको र नाङ्गो बाहेक के पायो ?

खन्दछ बारी, जोत्दछ खेत तैपनि रित्तै छ
फलेको बाली अर्कैले लान्छ, काम गर्नु सित्तैं छ
घरका जहान, बाल- बच्चा रुन्छन्, अभावै पिएर
तैपनि किसान ! बन्दछ महान्, दुःखमै रहेर ।

पाटी र धारा, इस्कूल सारा, बजार, विभाग
बाटो र घाटो, श्रमको पाटो, उद्योग, ब्यापार
कृषिमा क्रान्ति, मनमा शान्ति, देशमा उन्नति
उसैका लागि हुँदैनन् केही भौतिक वस्तु ती ।

जस्ले पो खन्छ, उसैले खान्छ भन्ने यो बुझेर
जाग हे ब्युँझ ! किसान सारा एकजुट भएर
आजको युगमा हुँदैन बस्नु अन्याय सहेर
लौ उठ दाजु, किसान भाइ ! अँध्यारो विरुद्ध !

जनआन्दोलन २०४६ चैत्र

# मानवाधिकार

सोध्दछन् हाम्रा गाउँका राम्रा मान्छेले मलाई
मानवाधिकार भनेको के हो ? बुझाइ द्यौन भाई
यसलाई पाउन, आफूमा ल्याउन के गर्नु पर्दछ ?
बुझेका घरी, लाग्ने छौं फेरि जे गर्नु पर्दछ !
मलाई लाग्यो, क्या राम्रो प्रश्न, क्या सफा विचार !
पर्दछ सोध्नु, सबैले खोज्नु, आ- आफ्नो आधार
गाउँलेले सोधे रमाइलो लाग्यो, खुशी भै रमाएँ
जानेको जति, सुनेको जति, राम्ररी बताएँ ।
अड्चालिस सालमा, त्यो राष्ट्रसंमा यै कुरा भएथ्यो
विश्वमा शान्ति स्थापना निम्ति बहसै चलेथ्यो
मान्छेले मान्छे बनाई सानो पाईंदैन दबाउन
मान्छेको हक खोसेर मान्छे हुँदैन सताउन ।
ठूल्ठूला देश विरोधी भए यो कुरा सुनेर
स- साना देश एकगठै भए ठूलाका विरुद्ध
धेरैको मतले पारित हुँदा प्रस्ताव सफल
लागू भो नियम संसारैभरि, भएन विफल ।
भो सर्वव्यापी घोषणा- पत्र, सदस्य राष्ट्रलाई
मानव हक, निर्धक्कसँग प्रयोग गर्नलाई
हरेक व्यक्ति, बूढा र बूढी, बालक- बालिका
लेख्ने र बोल्ने, संगठन खोल्ने बनाए तालिका ।
जाति र पाती, पुरानो रीति, हरायो संस्कार
वर्ण र भेद, सामन्ती नीति निकृष्ट विचार
पुरुष- नारी, छोरा र छोरी हटाउने भावना
फैलेर गयो समान हुने मान्छेको चाहना ।
आमाले बुझिन्, बाबाले बुझे, जानेको बताएँ
सन्देह केही रहेको पनि विस्तारै हटाएँ
आफूले हक प्रयोग गर्दा अरुको हनन-
हुँदैन गर्नु, मार्नु र मर्नु, यै गर्नु मनन ।
मानवाधिकार दिवस २०४७



# स्वतन्त्रता !

घप्लक्कै लडोस् भत्काउँछु बरु जेलको पर्खाल
मिल्काइदिन्छु अँध्यारो आकाशभित्रको संसार ।
नठान मलाई जीवनको कैदी म त हुँ आजाद
स्वतन्त्रताको योद्धा हुँ, आफ्नै स्वदेशको रक्षक
जनताको आशा- भरोशा, हिंड्छु विश्वास बोकेर
देशको मुक्ति गराउने इच्छा मर्दैन मारेर ।
मान्छेले मान्छे दबाउन अग्लो पर्खाल बनायो
मान्छेकै हक कुल्चेर उल्टै मान्छेलाई सतायो
मान्छेको श्रम लुटेर, भ्रम मान्छेलाई देखायो
स- साना घर फाँडेर ठूलो दरबार ठड्यायो ।
आमाको छाती टेकेर माथि स्तन नै काटेको
सक्तिनँ सुन्न बैन्हीको छाती- कलेजै फाटेको
दाजु र भाइ अन्याय सही रातो- दिन रोएको
सक्तिनँ हेर्न, हिमालले छाती आँसुले धोएको ।
मान्छेको जीवन बन्धकी राखी देशलाई साटेको
न्यायको छाती दबाई राती गर्धनै काटेको
मज्दूर-किसान, ताकेर निसान, जेल-नेल ठोकेको
सक्तिनँ हेर्न मान्छेकै लास गिद्धले बोकेको ।
कालो र गोरो, उँचो र नीचो, धनी र गरीब
जाति र पाती, भ्रमको खेती, अमिर- हरिप
लोग्ने र स्वास्नी बीचमै पनि खनेको खाडल
नसकी हेर्न, काँचुली फेर्न गर्दो छु प्रयास ।
आजको मान्छे बस्तैन आँखा पर्दाले ढाकेर
ब्युँझन्छ बरु मुक्तिको निम्ति मशालै बालेर
मान्छेकैनिम्ति सिद्धान्त बोकी गाउँ-बस्ती चाल्दैछु
विश्वमा तानाशाहीको छाती आगोले गाल्दैछु ।
२०४० वैशाख

# मजदूर साथी !

मज्दूर साथी ! यो देशमाथि पसिना बगाउँछन्
अट्ठार घण्टा काममा खट्दा न खान पाउँछन्
नाङ्गो छ आङ, झल्लरे लुगा, पैंताला खाली छन्
हातमा ठेला, आँसुको मेला, छातीमा दर्द छन् ।
रात र दिन घोट्टिई सारा कारखाना सजाउँछन्
न बस्ने बास, न खाने गाँस, पसिना बगाउँछन्
लाउनका कुरा के हुन्थ्यो पूरा ! रगतै सस्तो छ
श्रमको मोल के मिल्थ्यो हरे ! शोषणै चर्को छ ।
सडक, पुल, महल, ढल, खन्दछन् जमीन
बन्दैनन् तर जिन्दगीभर हाकिम- अमीन
खेतीमा पनि फल्दैन धान श्रमको उपज
संख्यामा ठूलो तैपनि लुलो लाग्दछ समाज ।
ठगिन्छन् उल्टो, तराजू कोल्टो न्यायमा पारिन्छन्
बोलेमा जिब्रो थुतिन्छ बरु कि ज्युँदै मारिन्छन्
भाँचिन्छ हात, नराम्रोसित ज्यालामा ठगिन्छन्
हड्ताल गरे मरिन्छ भरे , झ्यालखाना भरिन्छन् ।
घरमा पनि दुर्दशा उस्तै हाल छ बेहाल
भोकले रुन्छन् बाल-बच्चा साना साँझ र बिहान
न मरिजानु, न गरिखानु, न त्राण पाउनु
तैपनि मज्दूर सहन्छ भरपूर, मात्रै छ गुमाउनु ।
सोचेर हेरी, जीवन फेरि आउँदैन फर्केर
उठ न जाग ! धर्तीका छोरा के बस्छौ सहेर ?
श्रमको भाग उठेर माग, को रोक्छ तिमीलाइ ?
अँध्यारो पछि उज्यालो आउँछ बुझे है आजलाई ।
मई दिवस २०४४ वैशाख



# गाई मार्नु हुँदैन

गाइ काट्ने कुरा, भाइ मार्ने छुरा हामीलाइ चाइँदैन
बुद्धको देशमा हिंसा र हत्या भित्रचाउन पाइँदैन ।
नेपाल देश, नेपाली भेष, संस्कृति अनेक
सभ्यता भन्नु सबैमा हाम्रो करुणा- विवेक
मान्छे त वीर नेपाली, शिर सगरमाथा झैं
शान्तिको क्षेत्र, विशालभित्र पुर्खाको गाथा झैं ।
चाहे हौं हिन्दू, मुस्लिम, जैन, बुद्ध र ख्रीष्टान
एकै हो धर्म, उस्तै हो कर्म, उस्तै हो विधान
जतिमा जे जे भए तापनि समता मान्दछौं
आपसी द्वन्द्व हुँदैन गर्न, यो पनि जान्दछौं ।
भीम र भक्ति, अमर, बलभद्रले लडेको
ज्ञानको दियो, शिव र बुद्ध धर्मले बालेको
भानु र लक्ष्मी, पासाङ, तेन्जिङ विभूति यहाँ छन्
संसारै हाँक्ने गोर्खाली जस्ता लौ भन कहाँ छन् ?
मन्दिर लाख, हिमाली काख, विश्वको कैलाश
वेदको ध्वनि, विज्ञान पनि ढाक्दछ आकाश
विभिन्न फूल, पानीका मूल, विश्वमै धनी छ
प्राणीको हिंसा नगर्नू भन्ने बुद्धको वाणी छ ।
कृषिका लागि चाहिन्छ गाई, दूधमा पवित्र
औषधि हुन्छ रोगमा सधैं पिउँदा गो- मूत्र
गोबरले गर्छ कीटाणु नाश, हड्डीको टाँक रे !
छालाका जुत्ता, जोतिने बाच्छो, क्यै खेर जान्न रे !
गाईको गुन धेरै छ भाई बैगुन थोरै छ
तैपनि गाई कटाउने कुरा गाईंगुईं चल्दै छ
गाई हुन् लक्ष्मी, घरकी देवी, राष्ट्रिय प्राणी हो
गाईको मासु खानु त आँसु पिउनु जस्तै हो ।
२०५२ वैशाख

# के रुन्छौ भाइ ?

के रुन्छौ भाई उज्यालो मुख, अँध्यारो बनाई ?
छातीमा दर्द, मनमा व्यथा, वेदना सुनाई
सहेर बस्छौ कतिञ्जेल पीडा वैरीले कुल्चेको ?
देशको शत्रु आएर पत्रु, सिमाना लुटेको ?
यी वन- पाखा, हजार- लाखां, पुर्खाको पौरख
सगरमाथा विश्वको गाथा नेपाली गौरब
संस्कृति राम्रो, सभ्यता हाम्रो, संस्कार पवित्र
न थिचो-मिचो, न अग्लो-होचो, तैपनि विचित्र ।
वीरको देश, धीरको देश, विश्वमा नामी छ
बुद्धको भूमि, ज्ञानको भूमि र शान्तिकामी छ
त्यो इतिहास, यो उपहास, बढ्दै छ गएको
भन् आफ्नै देशमा नेपाली किन विरानो भएको ?
चराले धरा नाघेर ल्याउँछन् मुक्तिको सन्देश
तैपनि किन नेपाली मन धाउँदै छ विदेश ?
पैसाको लोभमा गुलामी गर्न खै लाज लागेको ?
पुर्खाको नासो, वीरता हाम्रो, खै आज जागेको ?
आ- आफैं लड्ने, मर्ने र मार्ने, वैरीलाई हँसाउने
कहिले बन्द, मारकाट, आफैं आफ्नालाइ फसाउने
अति भो लुटाई,कुटाई र फुटाई,अति भो ब्यभिचार
रुने र ऱ्वाउने, आँसुमा न्वाउने, फालिद्यौ कुविचार ।
बुझेर कुरो, बनिद्यौ सुरो, वीर र साहसी
तपस्वी- त्यागी, बाटोमा लागी मित्रता आपसी
अबेला बेला भैसक्यो अरु चन्द्रमा गैसके
जान्ने र बुझ्ने, आकशमा कुद्ने दुनियाँ भैसके ।
२०५१ साउन



# छोरीलाई अधिकार

आमाले भन्छिन् "बिहानै उठी खै कुचो लगा'को" ?
बाबाले भन्छन् "भाँडा र कुँडा खै सफा गरेको ?
दाजु र भाई भन्दछन् "पढ्न हुँदैन छोरीले !"
पराई जस्तै ठान्दछन् सधैं माइतीमा सबैले ।
ढिंडो र रोटो खानलाई सुक्खो तैपनि आधा पेट्
छोरीलाई भने घाँस्-दाउरा-पानी छोरालाई टारी खेत्
घरको जेथा लाग्दैन भाग छोरीको नाउँमा
पाइँदैन जुनि बिताउन पनि जन्मेको गाउँमा ।
घरकी दासी, वनकी घाँसी, अर्काकी कमारी
बेचिने छाती, यो कस्तो रीति, बिन्ती र चाकरी ?
धर्मको नासो, गलामा पाशो, हातमा बन्धन
छोरीलाई मात्र यो किन भयो बुझ्दैनौ सज्जन ?
के छोरी मात्रै मानिस हैन ? उसको रगत-
बगेको देश, छ माटोभरि सिर्जेको जगत
आकाश आधा, धरती आधा, हामीलाई चाहिन्छ
अबको युगमा छोरीलाई पनि अधिकार चाहिन्छ ।
२०४८ फागुन, ८ मार्च

# हे प्यारा फर्क न !

आँखाको नानी, धमिलो पानी, किन हो आइर'न्छ
वनको चरा, उदासी वरा ! विरह गाइर'न्छ
डाँडाले छेक्छ, पर्वत रोक्छ, उडेर जानलाई
मनमा आउँछ तस्वीर उन्को सम्झेर रुनलाई ।
घर- खेत छैन, उब्जनी छैन, बाँच्नलाइ छैन देश
गरीब भइयो, यो जुनि गैगो, हाड्-छाला बाँकी शेष
आँसुले भिज्दा पछ्यौरी- सारी धोइदिने क्वै छैन
चेलीको छाती धुजा भै फाट्यो बुझ्दिने क्वै छैन ।
खसमको पत्तो अझ नि छैन फक्ल्याण्ड टापूको
माइतीको ठेगान लागेन अझै मौलान पसेको
सिमानापारि गङ्गाको तीरमा त्यो माइती रुँदो हो
आमाको लास, बाबाको लास कोशीमा बग्दो हो ।
मुटुको रानो पराले छानो, यो घर- झोपडी
गल्लाको हल्ला चल्दैमा हिंडे खसम नबुझी
मरे कि बाँचे ! भएन खोज, चिठी र खबर
म एक्लै भएँ, दुःखमा रहें, पर्दामा अभर ।
न माइती मेरा मावली यहाँ, न दाजु- भाई छन्
काखको छोरो बुझ्दैन कुरो, के गरी बुझाउँ मन्
घरबारी पनि साहूले लग्यो, बाँकी छ भन्छ रिन्
न यता जानु, न उता जानु, के गरी काटौं दिन् ।
फर्क न प्यारा ! आँसुका धारा खसेको हेर्नलाई
कतिञ्जेल बस्छौ बिर्सेर माया जिन्दगी भरिलाई ?
घरकै हाल बेहाल भयो, के लड्छौ लडाईं ?
पीडाको सागर चुलिन्छ भने के हर्ष- बढाईं ?
कर जोडी गर्छु विन्ती र भाउ, हे प्यारा फर्क न !
स्वदेशमै बरु गरौंला दुःख हे प्यारा फर्क न !
शत्रु त हाम्रा स्वदेशमै हुन्छन्, विदेशमा हुँदैनन्
अर्काका लागि जिउने- मर्ने छोराले गर्दैनन् ।
२०४५ फक्ल्याण्ड युद्ध



# कर्मवीर युवा

छातीमा तातो, रगत रातो, मुटुमा स्पन्दन
मनमा जोश- जाँगर होश, जिउँदो जीवन
बलिष्ठ काँध, पौरखी हात, निर्माण खातिर
कर्मका वीर, उज्याला शिर, युवा हुन् आखिर ।
युवाले बोक्छन् काँधमा देश, शिरमा हिमाल
हातले माटो सम्याइ माटो, उठाउँछन् नेपाल
सिकेर ज्ञान बन्दछन्, शान- शक्तिको मुहान
चलाउँदै आँधी, ल्याउँछन् फेरि सुनौलो बिहान ।
चाहे हुन् पृथ्वी, भानु र लक्ष्मी, गङ्गा र पासाङ
चाहे हुन् मोती, भीम र भक्ति, आङ्रिता, तेञ्जिङ
लडाईं लड्ने, हिमाल चढ्ने, वीरता देखाउने
सबै हुन् युवा आधार- खम्बा नेपाल चम्काउने ।
राष्ट्रका निम्ति जनको शक्ति प्रमुख आधार
युग नै हाँक्ने क्षमता बोक्ने कर्णका साधार
युवाले चाहे बन्दछ धर्ती नौलो र उज्यालो
युवा नै शक्ति ज्ञान र भक्ति, देशको दियालो ।
(राष्ट्रिय युवा महोत्सव २०५२ मा प्रथम)

## शहीदलाई सलाम

देशको निम्ति रगत पोख्ने शहीद्लाई सलाम
अँध्यारो छेकी उज्यालो बोक्ने जतिलाई सलाम
जनको वैरी चिनेर उठ्ने सबैलाई सलाम
देशमा नयाँ सञ्चार भर्ने जनतालाई सलाम !
लेख्ने बोल्ने, सङ्गठन खोल्ने झण्डालाइ सलाम
आन्दोलन हाँक्ने युगका द्रष्टाहरूलाई सलाम
किसान- मज्दूर शक्तिका स्रोत सबैलाई सलाम
जीवन्त दिने शहीद्का प्यारा जहान्लाई सलाम ।
अँध्यारोभित्र मशाल बाल्ने क्रान्तिलाई सलाम
उज्यालो घामको कविता लेख्ने स्रस्टालाई सलाम
न्यायको निम्ति आवाज दिने योद्धालाई सलाम
देशको मुक्ति खातिर लड्ने शहीद्लाई सलाम !
(२०४६ चैत्र, जनआन्दोलन)

# वादीको पीडा

वादीका छोरी वदिनी हुन्छन्, छोरा त कमारा
साहुका घर ढाकेर बस्छन्, गोठाला- खेताला
जमीन छैन जोत्नलाई धरो, घर छैन घडेरी
न लोग्ने तिन्का, सधैं छ आउने चैतको खडेरी ।
छोरी त बिक्छन् मासुको मोलमा, जिन्दगी चलाउन
विदेशमा जान्छन्, यातना खान्छन् कम्पनी कमाउन
स्वदेशमा पनि घीनलाग्दो जुनि बिताउनु पर्दछ
श्याल र गिद्ध आउँछन् लुछ्न, लुछाउनु पर्दछ ।
हुँदैनन् बाबा, आमाका जिम्मा छोरा र छोरी रे !
छोरा चैं जान्छन् अरुकै घर, छोरी त साथमा रे !
ठूला र बडा भनाउँदा खडा, लुला र तगडा
तन्नेरी, बूढा सबै छन् भोग्ने बुढी र बालिका ।
दिदैनन् बस्न, घरमा पस्न, छोइन्छ पानी रे !
डेरा र डण्डा, समस्या, टण्टा, अनेक पर्छन् रे !
पाटीमा बस्नु पर्दछ हामी अछूत जाति रे !
तैपनि हाम्रा छोरीलाई भोग्दा जाँदैन जात रे !
बाबुको ठेगान लाग्दैन, लागे जिन्दगी जान्छ रे !
बाबुको नाम चिनायो भने प्राणै पो खान्छ रे !
कस्को हो छोरा, कस्को हो छोरी, पर्वाहै हुँदैन
तैपनि वादी भनेर पानी समेत छुँदैन !
कत्तिलाई लाग्छ हैजा र एड्स्, कत्तिलाई क्यान्सर
तैपनि सही गराउनै पर्ने देहको ब्यापार
उम्किने, भाग्ने, अन्यत्र लाग्ने क्यै छैन आधार
सहेर बस्नु, खरानी घस्नु, जुनि भो बेकार !
मान्छे हो हाम्रो सुनिद्यौ पीडा, धर्तीको चित्कार
मान्छे हो भने हामीलाई पनि गरिद्यौ आदर
यो घीनलाग्दो, भो लाजलाग्दो, देहको ब्यापार
गराइद्यौ बन्द सज्जनवृन्द बिन्ती छ हजार !
२०५२ जेठ, वादी जातिप्रति



# गाउँको खबर !

शहरमा बस्ने मान्छे छन् सुखी भनेको सुनिन्छ
गाउँमा भने हिंसा र हत्या बढेको देखिन्छ
बुद्धको देशमा युद्धको आगो बल्दैछ दन्दनी
बस्तीका बस्ती सखापै भए जलेर खरानी ।
गुराँस फुल्ने देखिन्छ पाखा डढेलो लागेको
कोईली बास्ने वसन्तभित्र न्याउली रोएको
घर र बार छाडेर मान्छे मुग्लान गएको
नेपालभित्रै नेपाली अझ विरानो भएको ।
बन्दूक-गोला पड्कन्छ अरे मान्छेका छातीमा !
लाग्दछ आगो गाउँ र घर, शहर- बस्तीमा
पुछिन्छ स्यूँदो, नहुँदा ज्यूँदो छोराको नाउँमा
बिधवा बन्छन् बैंसमा छोरी-बुहारी गाउँमा ।
टुहुरा बन्छन् बालककालमै छोरा र छोरी रे !
गलामा बाँध्छ कक्रक्कै पारी कालको डोरीले
गुहार माग्दै कराउँछन् मान्छे दैवका नाउँमा
न देख्छ कोही सडेर मान्छे मरेको गाउँमा ।
खोलामा बग्छन् रगत्का फाल्सा नदीमा आँसु रे !
जङ्गल-पाखा, गन्हाउने लांखा मान्छेकै मासु रे !
मरेका झन्झन् खरानी भए, बाँच्नेलाई सास्ती छ
अन्नको सट्टा गोली र बारुद् खानलाई मस्ती छ ।
निर्धक्क रुन पाइन्न त्यहाँ हाँस्नु त पापै हो
न गरी खानु, न मरी जानु, जिन्दगी शापै भो
पढ्नका लागि इस्कूलै बन्द, गाऊँ छ अँधेरो
शून्यै छ साथी चौतारी-पाटी, पानीको पँधेरो ।
बल्दैन कैल्यै साँझमा बत्ती दैलो र जस्केलो
भित्ताले पनि सुन्दछ कानमा साउती गरेको
चल्दैन बिहा र व्रतबन्ध, न काज- किरिया
बुचै छन् कान, सेता छन् लुगा, चोली र फरियाँ ।

हुँदैन खेती, गाउँमा त्यत्ति, महँगो पानी छ
सस्तोलाई भन्नु यहाँ त ऐले त्यै जिन्दगानी छ
मर्नु र मार्नु, घेरामा पार्नु, कि फेर्नु साटो छ
पाप र धर्म देख्छ र कस्ले दैव नै लाटो छ !
धेरै नै भयो आएन दशैं, आएन तिहार
उदासभन्दा उजाड भयो गाउँको खबर
मख्मली फूल नफुल्दै सुके बेली र चमेली
स्वदेशको पीरले विदेशमा पनि रुँदैछ नेपाली ।
युद्धले मात्रै मान्छेको मन जितेको देखिन्न
अर्काको ज्यान लिनेको कहीं पुस्तक लेखिन्न
भो अब छोड, बन्दुक बोक्न, नेपाली दाजु-भाइ !
मिलेर बाँचौं, सँगसँगै हाँसौं, उन्नति गर्नलाई ।
(२०६२ फागुन, भानु-मोती काव्य महोत्सव)

## नेपाली ब्य“ुझिए

स्वतन्त्रताको लहरै चल्यो पूर्व र पश्चिम
आँधीमा उठ्यो, समुद्रै ढाकी, उत्तर- दक्षिण
किसान जागे, मज्दूर जागे, भालेले करायो
उन्मुक्ति खोज्दै जनता उठे, दासता डरायो ।
नेपाली पनि मिर्मिरे हुँदा बिस्तारै ब्यूँझिए
संसारसित लगाई मीत मैदान ओर्लिए
लिनलाई हक, निर्धक्कसित सङ्घर्ष चर्कियो
पुरानो घर, संस्कार तर चर्केर थर्कियो ।
२०४६, जनआन्दोलन



## सारङ्गी रुवायो

पिस्करको कथा सुनाई ब्यथा, सारङ्गी रुवायो
मान्छेको मुक्तिखातिर जुक्ति गीतले बतायो
गरीबसित मित्रता गाँसी वेदना सुनायो
अन्तर आत्मा, खोलेर साथमा संगीत बनायो ।
गीतमा मीत गाउँलेसित लगाउँदै हिंडेको
उज्यालो घाम फिंजाईकन अगाडि बढेको
गाईने दाजु, गाईने भाई, दिदी र बहिनी
स्वतन्त्रताको गाउँदैछन् गीत अफठ्यारो नमानी ।
चालिस सालमा पिस्कर ब्युँझ्यो चेतना लिएर
मान्छेको बस्ती सखापै पार्‍यो जङ्गली आएर
तैपनि लडे वैरीका सामु भालेको डाकैमा
जनता आफैं जागेर उठे अँध्यारो रातीमा ।
शहीद भए, बिधवा भए, हात-पाउ मुडिए
दबेन झन्झन् मानिसरू क्रान्तिमा होमिए
दासता भाग्यो हारेर, आज जनता रमाए
बन्दूक बोक्ने हातले पनि कलम समाए ।
(२०४१ फागुन)

# संखुवा-सभा चिन्हारी

जन्मेको गाउँ, हुर्केको ठाउँ, पहाडी जिल्लाको
मलाई लाग्छ धेरै नै माया सङ्खुवा- सभाको
सानैमा आइयो, न हेर्न पाइयो, जिल्लाको मुहार
माग्दथ्यो होला कहिलेकाहीं हारमा गुहार ।
त्रिभुजाकार फैलेको तर उत्तर- दक्षिण
पहाड धेरै , हिमाल धेरै, चौराली- भञ्ज्याङ
हिउँका ताल-तलाऊ-नदी अनेक गङ्गा छन्
सेपिलो पाटो, ऊर्वरा माटो, बलौटे यहाँ छन् ।
अनेक भाषा, वेश र भूषा- संस्कृति अनेक
बहुल जाति, धर्म र रीति, विचार अनेक
चाड र बाड, दुःख र सुक्ख, रहन- सहन
सम्झन्छु लाग्छ रमाइलो आफ्नै गाउँको चलन ।
अरुन् र वरुन् दाजु र भाइ ओरालो झरेको
संखुवादेखि पिलुवा- केंवा सिमाना परेको
मकालुमुनि त्यो कुम्भकर्ण, जलजले हिमाल
बसेर हेरे देखिन्छ अरे सम्पूर्ण नेपाल !
चौंरीका लेक, भेडीका गोठ, सुन्तला फुलेको
फूलको रसमा लट्ठिँदै मौरी- भ्रमरा डुलेको
कस्तूरी- मृग सुगन्ध छर्छन् वन र पाखामा
कोइली गाउँछे, मयूर नाच्छे झल्झली आँखामा ।
कुसुम-कल्ली, फुल्दछे वल्ली, सुनङ्गी चउर
छायामा माया दायाँ र बायाँ लाउनलाइ आतुर
सिम्मल, साल, चिराइतो, चाँप, लाम्पाते, करम
वनका पात, काठका जात, कडा र नरम ।
गुराँस फुल्दा, धूपी र सल्ला हलक्क बढ्दछ
पहाड नाघी, पर्वतमाथि कुहिरो चढ्दछ
ओदाल, ओल बोराको खोल, रिट्ठा र पाङ्ग्राले
सम्झन्छु ढाक्छन् वन र पाखा भेडा र बाख्राले ।



त्यो सिद्धकाली, मनकामना, त्यो सभापोखरी
ती गुप्तेश्वर भित्र छन् अरे शिव र पार्वती
तुम्लिङदेखि बुम्लिङसम्म फैलेको जङ्गल
मन्दिरभित्र शङ्ख र घण्ट गाउँछन् मङ्गल ।
चैन्पुर, वाना बजार ठूला, मुकाम खाँद्बारी
फलाउँछ धान चेवाको बेंसी सुन झैं बेस्सरी
चन्दनपुर, मादीको धुर, थलथले, धापासिम्
उर्वरा फाँट पाइन्छ आज खोला र पाखा-डिल् ।
फलाम, तामा, अभ्रख तथा सुनका खानी छन्
बिजुली बाल्न पर्याप्त स्रोत नदीका पानी छन्
धान र मकै, कोदो र गहुँ, फापर फल्दछन्
ऊखुको खेती सप्रँदो अति आर्थिक स्रोत छन् ।
चैन्पुर गए पाइन्छ राम्रा चाँदीका करुवा
कोदालो, हलो पाइन्छ, कुटो, फाली र फरुवा
कऱ्याङ- कुरुङ, जुरेली, डाँफे, मुनाल, मुजुरा
काफल पाक्यो कराउँछे चरी वसन्त आउँदा ।
मादल- ढोल, खैंजडी बज्छन् बेठीको बाजा रे !
प्रसिद्ध पञ्चै बाजा छ ताजा नौमति त्यहाँ रे !
लोकका गीत, क्या मिठोसित ! गलाले गाइन्छ
सम्झन्छु त्यस्तो मेला र पर्व कहाँ पो पाइन्छ ?
नूमको पारि, हेदाङ्नागढी, चेपुवा- चिन्ताङ
खराङबाट पश्चिम हेरे देखिन्छ छिन्ताङ
डाँडा र काँडा अनेकौं बस्ती, हाट र बजार
कत्ति छ धनी मुखले भनी सकिन्न बयान ।
सम्झना आउँछ मनमा तर म बस्छु शहर
खप्टुवा गाउँ तैपनि जाऊँ लाग्दछ रहर
साथी र भाई भेटौंला भन्छु बूढा र जवान
मलाई पर्खीराख्दो हो जून- घामले बिहान ।
(२०६५ मंसिर १५ गते)

# प्रजातन्त्र

प्रजाको निम्ति प्रजाले गर्ने प्रजाको शासन
त्यस्लाई भन्छन् प्रजाको तन्त्र प्रजाको आसन
हरेक व्यक्ति स्वतन्त्र हुन्छन् बन्धनरहित
लेख्ने र बोल्ने, संगठन खोल्ने हकले सहित ।

छोरा र छोरी, पुरुष- नारी, विभेद हुँदैन
मालिक- दास, अछुत- छुत मानिस बन्दैन
एउटै घर, आँगन तर सबैको बन्दछ
जसरी सूर्य गगन बीचमा प्रकाश छर्दछ ।

कालो र गोरो बन्दैन छोरो, शासक- शासित
हुँदैन कोही समाजभरमा शोषक- शोषित
कानूनी राज, सभ्यतामाझ हुर्कन्छ संस्कृति
समता भाव, आमाको काख खेल्दछ प्रकृति ।

पूजिन्छ जहाँ आदर्श त्यहाँ गान्धी र लेनिन
संसार हाँक्ने बुद्ध र मार्क्स अथवा लिङ्कन
सन्यात सेन, लुथर किङ, माउ र होचिमिन्
मण्डेला हउन् यासेर जस्मा झुक्दछ हाम्रो शिर ।

लोकको मतमा, प्रगति पथमा, जनको भावना
स्वच्छ र न्याय, निष्पक्ष हुने मनको चाहना
सबैको निम्ति, सबैले सोच्ने प्रजाको तन्त्र हो
बाँचौं र मरौं सँगसँगै भन्ने आदर्श मन्त्र हो ।

मान्छे हो सुन, मनले गुन ! आजको विचार
सबैले मान्ने, आ-आफ्नो ठान्ने, गराउने प्रचार
लोकले मान्ने, लोकको तन्त्र, लोकको भावना
फलोस् र फुलोस्, अमर बनोस् गर्दछु कामना ।

२०५१ साउन



# नेपालै प्यारो छ

बुद्धको देश, शान्तिको भेष प्यारो छ नेपाल
जनक राजाको ज्ञानभूमि, सीताको महल
सगरमाथा, विश्वको गाथा, हिमाली राज्य छ
चाड र बाड, संस्कृति हाम्रो, यो अविभाज्य छ ।

सुनको ढिक्का, उत्तरतर्फ गजूर भिरेको
हिमाल अग्लो, रक्षक हाम्रो पहरा दिएको
बेली र बुकी, चमेली फुल्दै वसन्त डाकेको
देखिन्छ हाम्रो, असाध्यै राम्रो, नेपाल बनेको ।

वारि र पारि, डाँडा र काँडा, मैदान- तराई
लेक र बेंसी, रङ्गिला फाँट, चम्किला बनाई
सूर्यको किरण खेल्दछ हाम्रो कौशी र आकाश
हे दाजु- भाई, उठौं न अब, गरौं न विकास ।

धानका बाला, उज्याला झुल्छन् शरद ऋतुमा
रजनी आउँछिन् झल्मल पार्दै बिहानी पखमा
शहरै राम्रो उज्यालो, हाम्रो सगरमाथाले
आमाको छाती पग्लिएजस्तो छहरा- छाँगाले ।

यो देश छाडी नजाऊ साथी, अँध्यारो नपार
हालेर काँध, चढाऊ माथ, पुऱ्याऊ शिखर
क्यै सानो छैन यो हाम्रो देश विश्वको शिर छ
धर्ममा हेरौं हिन्दू र बौद्ध, कर्ममा वीर छ ।

संस्कार हेरौं सहन्नौं हामी वैरीले कुल्चेको
स्वीकार कैल्यै गरेनौं हाम्ले अरुले टेकेको
संसारभरि चिनिन्छौं हामी वीरका नामले
देखाऊँ शक्ति, देशको भक्ति, अब त हामीले ।

आसिक देऊ नेपाल- माता वन्दना गर्दैछु
म तिम्रै सेवा गरेर बस्ने अड्कल काट्दै छु ।

(२०३५ सालमा परोपकार आ.मा.वि. को प्रतियोगितामा सामेल)

# नेपाली झ्याउरे

## कविता सङ्ग्रह

कवि एवं ज्योतिर्विद्
ज्यो. रत्ननिधि रेग्मी, “शुक्राचार्य”

s v